जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

# जनकपुर टुडे

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

Janakpur Today Daily

www.ejanakpurtoday.com

फरक-फरक धर्म सँस्कृति हाम्रो समस्या होइन, सम्पत्ति हो। एक-अर्काको धर्म-सँस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं। एक-आपसमा भेद्भाव नगरौं, धार्मिक-साँस्कृतिक सहिष्णुता कायम राखौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक १६१ • २०८० साल कार्त्तिक १८ गते शनिबार (4 November, Saturday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

# मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भीसी ल्याउने तयारी

## जसपा अध्यक्ष यादवका सम्धी पनि उम्मेदवार, रेक्टर डा.साह नै हुने पक्का

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपकुलपति (भीसी) नियुक्ति गर्ने तयारी सरकारले थालेको छ। उपकुलपति डा.रामकेवल साहको देहान्तपछि प्रतिष्ठान भीसीविहीन छ। डा.साहको निधन भएको झण्डै ३ महिना भइसकेको छ।

प्रदेश स्वास्थ्य मन्त्रालयले भीसीका लागि गरेको विज्ञापनको तिथि सकिएको छ। स्वास्थ्य मन्त्रालय स्रोतका अनुसार ९ जना चिकित्सकले भीसीका लागि आवेदन दिएका छन्। आवेदन दिनेहरुमा जनता समाजवादी पार्टी(जसपा)का राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवका सम्धी डा.विश्वनाथ यादव पनि रहेका छन्। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा हाल रेक्टर रहेका डा.अंकुर साह पनि भीसीका लागि आवेदन दिएका छन्। डा.रोहित यादव, डा.रमेश सिंह, डा.सुधिर सिंह लगायतले पनि भीसीका लागि प्रयास गरिरहेका छन्।

डा.साहको निधनपछि भीसी नियुक्तिका लागि विज्ञापन भएदेखि नै 'सेटिंग' हुने चर्चा चलेको छ। भीसीको दौडमा रहेका डा.विश्वनाथ यादव वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा फरेन्सिक विभागका प्रमुख हुन्।

जसपा अध्यक्ष उपेन्द्र यादवका आफ्नै सम्धी रहे पनि उनी भीसी नहुने निश्चित नै छ। करोडौ आर्थिक चलखेल भइरहेको अवस्थामा अध्यक्ष यादवका सम्धी डा.यादव प्राथमिकतामा पर्ने सम्भावना अत्यन्त कमजोर रहेको छ। स्रोतहरुका अनुसार जसपा अध्यक्ष यादवका एकमात्र उत्तराधिकारी पुत्र अमरेन्द्र यादवले नै आफ्नो ससुरा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालन गर्न नसक्ने धारणा व्यक्त गर्न थालेका छन्। जनकपुरधामको अवस्था फरक रहेकाले आफ्नो ससुरा सो पदका लागि उपयुक्त हुननसक्ने केही स्थानमा बोलेको बताइएको छ। भीसीको दौडमा वर्तमान रेक्टर डा.अंकुर साह पक्का जस्तै छन्। उनको पक्षमा वातावरण बनाउने गिरोहले काम गरिसकेको बताइएको छ। डा.अंकुर साहले आफ्ना प्रतिद्वन्दीहरुलाई धेरै पछाडि छाडेको बताइन्छ।




डा.साहलाई भीसी बनाउन निवर्तमान मुख्यमन्त्री लालबाबु राउतको कार्यकालमा हालीमुहाली चलाउने केही व्यक्ति सक्रिय भएका छन्। फरक ध्रुवमा रहेको बाहिर देखिए पनि उनीहरुले मोटो कमिसन आउने नियुक्ति र सप्लाइको काममा एकजुट भएर लाग्ने गरेका छन्।

मधेश प्रदेशमा हालसम्म भएका राजनीतिक नियुक्तिहरुमध्ये केही कामै नलाग्ने र केही लेनदेनको आधारमा भएको आरोप लाग्दै आएको छ। प्रतिष्ठानमा भीसीको अनुपस्थिति भएको झण्डै वर्ष दिन भइसक्यो। तर लेनदेनको विषय नमिलेको कारण भीसी नियुक्ति लम्बिएको बताइन्छ।

मधेश प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव डा.प्रमोद यादवका अनुसार भीसीका लागि परेका आवेदनहरुलाई सूचीकृत गर्न समितिले चाँडै काम थाल्ने छ। 'सर्ट लिस्ट बनाएर त्यसको प्रक्रियालाई अगाडि बढाइने छ' सचिव डा.यादवले भने, भीसी नियुक्तिका लागि मन्त्रालयले नामहरु सिफारिस गर्ने छ। भीसी नियुक्तिका लागि कुलपति समेत रहनु भएका मुख्यमन्त्री सरोज कुमार यादवले अन्तिम निर्णय लिनुहुने उनले बताए। भीसीको नियुक्ति बढीमा ४ वर्षका लागि हुने कानुनी व्यवस्था रहेको छ। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको मातहतमा प्रादेशिक अस्पताल राखिएको छ। त्यस सम्बन्धमा अस्पतालका कर्मचारीहरु असन्तुष्ट रहे पनि सरकारले अस्पताललाई अलग गर्ने निर्णयबाट पछाडि हटिसकेको छ।

# कोशी प्रदेशको मन्त्रीमण्डल पाँच सदस्यीय, एमाले बाहिरिने

**टुडे समाचारदाता**

विराटनगर। कोशी प्रदेश सरकारमा शुक्रबार मन्त्री थपिएका छन्। मुख्यमन्त्री केदार कार्कीले मन्त्रीमण्डल विस्तार गरेर ५ सदस्यीय बनाएका छन्। गत असोज २७ गते मुख्यमन्त्री नियुक्त भएका कार्कीले २८ गते एमालेबाट राम रानामगर र नेपाली कांग्रेसबाट शम्शेर राईलाई मन्त्री नियुक्त गरेका थिए।

सत्ता गठबन्धनमा रहेका माओवादी केन्द्र र एकीकृत समाजवादीलाई सरकारमा सहभागी नगराउन एमालेले दबाब बनाएको थियो। कार्कीलाई मुख्यमन्त्री बनाउन एमालेले नै काँध थापेको थियो। कांग्रेसमा विद्रोह गरी एमालेको समर्थनमा कार्की मुख्यमन्त्री नियुक्त हुँदा माओवादी र नेकपा एसलाई सहभागी नगराउने सहमति भएको थियो।

एमालेको असहमतिकाबीच केन्द्रीय सत्ता गठबन्धनका मुख्य सहयात्री दल नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादीबाट १-१ जना मन्त्री नियुक्त गरेका छन्। उनले नियुक्त गरेका माओवादीका मन्त्री गणेश उप्रेती मोरङको क्षेत्र नम्बर २ (१) बाट निर्वाचित सांसद हुन्। उप्रेतीले हालसम्म कुनै पनि राजकीय जिम्मेवारी निर्वाह गरेका छैनन्।

यस्तै नेकपा (एकीकृत समाजवादी)को सिफारिसमा मन्त्री नियुक्त भएका कमलप्रसाद जबेगु पुराना बामपन्थी नेता हुन्। उनी यसअघि उद्धव थापा मुख्यमन्त्री हुँदा पनि मन्त्रीमण्डलमा सहभागी भएका थिए। मुख्यमन्त्री थापा बर्खास्तमा परेसँगै उनको पद गएको थियो। उनी पाँचथर १ (१) बाट प्रदेशसभामा निर्वाचित भएका थिए। यसअघि नियुक्त भएका कांग्रेसका शम्शेर राई इलाम १ (२) बाट निर्वाचित सांसद हुन्। उनी यसअघि इलामको रोङ गाउँपालिकाका अध्यक्ष भइसकेका छन्। यस्तै एमालेको उम्मेदवार बनेर इलाम २ (२) निर्वाचन क्षेत्रबाट निर्वाचित सांसद रामबहादुर राना अघिल्लो पटक पनि प्रदेशसभाको सांसद र मन्त्री भइसकेका छन्।

यता, एमालेले भने आफ्नो सहमति बिना मन्त्रीमण्डल विस्तार गरेको भन्दै सरकारबाट बाहिरिने बताएको छ। एमाले संसदीय दलका प्रमुख सचेतक रेवतीरमण भण्डारीले मुख्यमन्त्री कार्कीले गरेको सरकार विस्तारबारे शनिबार बैठक बसेर औपचारिक निर्णय गर्ने बताए। गठबन्धन दललाई सरकारमा ल्याए आफूहरु बाहिरिने भन्ने आफूहरुको कुरा कार्यान्वयन हुने उनले बताए।

एमालेको समर्थनमा कांग्रेसका ८ सांसदसहित विद्रोह गरेर संविधानको धारा १६८ को उपधारा ५ अनुसार मुख्यमन्त्री भएका कार्कीले सरकारमा गठबन्धन सामेल गर्ने कि एमाले मात्र भन्ने निर्णय गर्न नसक्दा सरकार विस्तार गर्न सकेका थिएनन्।

# 'बसेरा' मा डिल, पण्डित मुख्य भूमिकामा

**टुडे समाचारदाता**

काठमाण्डु। मधेश प्रदेश सरकारमा नियुक्ति र आपूर्तिको कामका लागि संघीय राजधानी काठमाण्डुस्थित बसेरा होटेलमा 'डिल 'हुने गरेको छ। विशाल पण्डितले मधेश प्रदेश सरकारको प्रमुख निर्णयहरुमा सक्रिय भूमिका निर्वाह गरिरहेको स्रोतहरुले दाबी गरेका छन्।

उच्चस्रोतहरुका अनुसार भीसी नियुक्तिका लागि भएको बैठकमा डा.अंकुर साहको नाममा सहमति जुटेको छ। भीसी नियुक्तिका लागि रकमको यकिन नभए पनि ४ करोडको डिल भएको बताइएको छ। यद्यपि यसको स्वतन्त्र रुपमा पुष्टि भइसकेको छैन्। 'डिल' मा पूर्व मुख्यमन्त्री लालबाबु राउतका एकजना सहयोगी र अर्का एकजना चर्चित प्रभावशाली घुस्याहाको पनि उपस्थिति रहेको स्रोतले जनाए।

राउत सरकारका ती दुई जना केही समय पूर्व जनकपुरधामको एउटा होटेलमा ३ दिन बास बसेर केही मन्त्रालयहरुमा सप्लाइ लगायतका कामको डिल गरेका थिए। स्रोतहरुका अनुसार प्रदेशमा केही उच्च पदस्थ कर्मचारीहरुको नियुक्ति र पदस्थापनमासमेत पण्डितको संलग्नता रहने गरेको छ। प्रदेश सरकारमा राजनीतिक दलका शीर्ष नेताहरु पछिको सर्वाधिक प्रभावशाली भूमिकामा पण्डित रहेको बताइन्छ। मधेश प्रदेश सरकारका केही मन्त्रीहरु प्रमुख नियुक्ति र आपूर्तिहरुको विषयमा उनको सहयोग लिने गरेको स्रोतको दाबी छ। स्रोतहरुका अनुसार मधेश प्रदेशमा सरकारले गर्ने निर्णयको खाका काठमाण्डुमा नै तयारी हुने गरेको छ।

सरकारका प्रभावशाली मन्त्रीहरुले निर्णय लिनु अगावै नेतालाई भन्दा बिचौलियालाई बढी सम्पर्क गरेको आरोप लाग्दै आएको छ। राउत सरकारको समयमा रहेका बिचौलियाहरु फेरि सक्रिय भएका छन्।

# कांग्रेसमा फेरि चुनाव

**टुडे समाचारदाता**


जनकपुरधाम। नेपाली कांग्रेसमा फेरि चुनावी प्रक्रिया सुरु भएको छ। गत वर्ष निर्वाचन हुन बाँकी रहेका पदहरुको चुनावी प्रक्रिया कार्त्तिकको मध्यमा हुन लागेको छ। कांग्रेसको विभिन्न जिल्लाहरुमा महासमिति, महाधिवेशन र अन्य पदहरुको निर्वाचन हुन बाँकी रहेका छन्। चुनाव हुन नसकेका पदहरुको लोकतान्त्रिक विधि अनुसार पूरा गर्न केन्द्रीय निर्वाचन समितिले निर्देशन दिएको छ।

नेपाली कांग्रेस धनुषाका सभापति योगेन्द्र पजियारले रिक्त रहेका पदहरुमा निर्वाचन गराउन ललित कुमार झालाई जिल्ला निर्वाचन अधिकृत चयन गरेका छन्।

कार्त्तिकको १७ गतेदेखि २२ गतेसम्म आवश्यकता अनुसारको पदमा निर्वाचन गराउन समय सीमा तोकिएको छ।

यसैगरि महोत्तरी जिल्लाका सभापति नागेश्वर यादवले पनि चुनावका लागि विजय ठाकुरलाई जिल्ला निर्वाचन अधिकृत तोकेका छन्। अन्य दलहरुले संगठन विस्तार र सुदृढीकरण अभियान चलाइरहेका बेला कांग्रेसले रिक्त रहेका पदहरुमा चुनाव गराउन थालेको छ।






# जसपाले मधेश प्रदेश समितिलाई प्रशिक्षण दिने

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी नेपालले मधेश प्रदेशका लागि प्रशिक्षण कार्यक्रमको आयोजना गर्ने भएको छ।

सिरहाको लहानमा कात्तिक २० गतेदेखि सुरु हुने प्रशिक्षण तीन दिनसम्म चल्ने जसपा मधेश प्रदेश समितिका अध्यक्ष रामबाबु यादवले बताए। पार्टीले सञ्चालन गरेको तीन महिने अभियानअन्तर्गत यो प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको उनले बताए।

जसपाका अध्यक्ष उपेन्द्र यादव र वरिष्ठ नेता राजेन्द्र श्रेष्ठ मुख्य प्रशिक्षक हुने बताइएको छ।




त्यसबाहेक अन्य नेताहरुले पनि प्रशिक्षण दिनेछन् । प्रशिक्षणमा प्रदेश समितिका सदस्य र जिल्ला समन्वय समितिका सदस्यहरु सहभागी हुने अध्यक्ष यादवले बताए । मधेश प्रदेश सरकारको नेतृत्व जसपाले गरिरहेको छ । जसपाले अन्य प्रदेशहरुमा पनि प्रशिक्षण कार्यक्रमको आयोजना गर्ने बताइएको छ।

# कोशीका नवनियुक्त दुई मन्त्रीले लिए शपथ

**टुडे समाचारदाता**

विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले नियुक्त गरेका दुई मन्त्रीले शपथ लिएका छन्। शुक्रबार मुख्यमन्त्री कार्कीले माओवादी केन्द्रका



सांसद गणेश उप्रेती र एकीकृत समाजवादीका कमल जवेगुले शपथ लिएका हुन्।

कार्कीले कात्तिक १ गते बुधबार कोशी प्रदेशसभाबाट भारी बहुमतसहित विश्वासको मत पाएका थिए। उनी नेकपा एमालेको समर्थनमा मुख्यमन्त्री बनेका थिए। तर अहिले एमालेको समर्थन विपरीत कार्कीले माओवादी र एकीकृत समाजवादीलाई सरकारमा सहभागी गराएको हो।

एमालेले मुख्यमन्त्रीसँगको पछिल्लो छलफलमा गठबन्धनका अरु दललाई सरकारमा ल्याए पनि माओवादीलाई भने ल्याउनै नहुने अडान राखिरहेको थियो। केन्द्रको गठबन्धन प्रदेशमा लागु भए आफू सरकारमा नबस्ने एमालेले चेतावनी दिँदै आएको थियो।

आफ्नो सहमति बेगरै माओवादी र एकीकृत समाजवादीलाई सरकारमा सामेल गराउने मुख्यमन्त्रीको कदमबाट एमाले क्रुद्ध बनेको छ । एमालेका प्रमुख सचेतक रेवतीरमण भण्डारीले पनि गठबन्धन कार्यान्वयन हुँदा आफ्नो पार्टी सरकारमा नरहने बताए ।

'प्रदेशमा एमाले र कांग्रेसले मात्रै मिलेर सरकार बनाउनुपर्छ भन्ने हाम्रो कुरामा हामी अडिग छौं', उनले भने, 'सोमबार यसबारे पार्टीमा छलफल हुनेछ। त्यसपछि हामी निर्णयमा पुग्नेछौं।'

# कांग्रेसको शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न




**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस नगर कार्यसमिति जनकपुरधामद्वारा दीपावली तथा छठ पर्वको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ । शुक्रबार जनकपुधामस्थित महेन्द्र नारायण निधि संस्कृति केन्द्रको सभा कक्षमा आयोजित कार्यक्रममा पार्टीका पदाधिकारीहरुले शुभकामना आदान प्रदान गरेका थिए।

कार्यक्रममा नेपाली कांग्रेसका नेता एवम प्रतिनिधि सभा सदस्य विमलेन्द्र निधि, मधेश प्रदेश सभा सदस्य रामसरोज यादव, पूर्व सांसद स्मृति नारायण चौधरी, पूर्व सांसद मिनाक्षी झा, जिल्ला सभापति योगेन्द्र पजियार, जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साह, उपमेयर किशोरी साह लगायत पार्टीका पदाधिकारी एवम कार्यकर्ताहरुको उपस्थिति रहेको थियो।

# 'चुरे संरक्षण मधेस प्रदेशका लागि महत्वपूर्ण'



सर्लाही । चुरे संरक्षण मधेस प्रदेशका लागि महत्वपूर्ण रहेको नेपाल सरकारका खानेपानीमन्त्री महेन्द्रराय यादवले बताउनुभएको छ । उहाँले मधेस प्रदेशमा पिउने पानीका साथै सिँचाइ दिनप्रतिदिन अभाव हुनुको प्रमुख कारण नै चुरे विनाश भएकाले चुरेको संरक्षण गर्नु आवश्यक रहेको बताउनुभयो । सर्लाहीको लालबन्दी नगरपालिका-१६ मा लालबन्दी नगरपालिका, जापान सरकार र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम नेपालको आर्थिक प्राविधिक सहयोगमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत निर्मित सौर्य पम्पिङ प्रणाली र आधुनिक कृषि प्रविधिको तीनघरे एकीकृत ग्रामीण विकास खानेपानी आयोजनाको उद्घाटन गर्न उहाँ सर्लाही आउनुभएको हो ।

मन्त्री यादवले नेपाल सरकार डोकोमा पानी बोक्ने अवस्थाको अन्त्य गर्न लागि परेको बताउनुभयो । उहाँले खानेपानी तथा सरसफाई ऐन २०७९ पारित गरेर सबै नेपाली जनतालाई शुद्ध पिउने पानी वितरण गर्ने लक्ष्य राखेको बताउँदै एक घर एक धारा पुर्‍याउने काम चाँडै सुरु गर्ने बताउनुभयो । उहाँले अलपत्र परेका सबै योजनालाई पहिलो प्राथमिकता दिने बताउनुभयो ।

लालबन्दी नगरपालिका-१६ मा लालबन्दी नगरपालिका,जापान सरकार र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम नेपालको रु एक करोड ५९ लाख ७३ हजार पाँच सय ३७ रुपैयाँ १२ पैसामा दुई लाख २५ हजार लिटर क्षमताको खानेपानी आयोजना निर्माण भई आज उद्घाटन गरिएको लालबन्दी नगरपालिका-१६ का वडाध्यक्ष गणेश थापाले जानकारी दिनुभयो । उहाँका अनुसार करिब तीन सय घरधुरीले शुद्ध पिउने पानी पाउने छन् । रासस

# आयुर्वेदको क्षेत्रमा भारत र नेपालबीच थप सहकार्यको आवश्यकता

काठमाण्डु । नेपालस्थित भारतीय राजदूतावासले आठौँ आयुर्वेद दिवसका अवसरमा परम्परागत चिकित्सा विशेषगरी आयुर्वेदको क्षेत्रमा भारत र नेपालबीच थप सहकार्य सम्भावनाबारे एक कार्यक्रमको आयोजना गरेको छ। कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागका महानिर्देशक डा वासुदेव उपाध्यायले आयुर्वेद नेपालको स्वास्थ्य सेवाको मान्यताप्राप्त प्रणाली भएको उल्लेख गर्नुभयो । साथै उहाँले नेपाल सरकारले आयुर्वेदको प्रवर्द्धनका लागि लिएको पहलबारे प्रकाश पार्नुभएको थियो ।

दूतावासका नियोग उपप्रमुख प्रसन्न श्रीवास्तवले आयुर्वेदलगायत परम्परागत चिकित्सा क्षेत्रमा भारत र नेपालबीच रहेको सहकार्यबारे चर्चा गर्नुभयो । साथै उहाँले ज्ञान, विशेषज्ञता तथा क्षमता अभिवृद्धिको आदान-प्रदानमार्फत आयुर्वेदमा सहकार्य प्रवर्द्धन गर्न चालिएका विविध पहलबारे जानकारी गराउनुभएको थियो। यस वर्षको आयुर्वेद दिवसमा मनाइने उत्सव भारतको अध्यक्षतामा सम्पन्न जी-२० सम्मेलनको नारा 'वसुधैव कुटुम्बकम'सँग मेल खाने उपप्रमुख श्रीवास्तवको भनाइ थियो ।

डाबर नेपालका व्यवसाय प्रमुख हरकिरतसिंह वेदीले डाबरले नेपालबाट जडीबुटी सङ्कलन गर्न आपूर्ति शृङ्खलाको विकास गर्नाको साथै स्थानीय समुदायका लागि दिगो जडीबुटी खेती गर्ने अवसर प्रदान गरेको बताउनुभयो । नेपाल आयुर्वेद चिकित्सक सङ्घका अध्यक्ष डा श्यामबाबु यादवले नेपालमा आयुर्वेद चिकित्साको प्रमुख अङ्ग भएको बताउनुभयो । साथै उहाँले नेपालमा यसको समृद्ध इतिहासबारे जानकारी गराउनुभयो।

भारत सरकार, आयुष मन्त्रालयले सन् २०१६ देखि हरेक वर्ष धनवन्तरी जयन्ती (धनतेरस) मा आयुर्वेद दिवस मनाउँदै आएको छ। सन् २०२३ नोभेम्बर १० मा मनाइने आठौँ आयुर्वेद दिवसको नारा 'एक स्वास्थ्यका लागि आयुर्वेद-हरेकका लागि हरेक दिन आयुर्वेद' रहेको छ ।

स्वस्थ भविष्यका लागि एक पृथ्वी एक स्वास्थ्य भावनामा केन्द्रित रही आयुर्वेदको प्रवर्द्धनमार्फत भारत र नेपालबीचको सम्बन्धलाई अझ बलियो बनाउन भारतीय राजदूतावासले प्रतिबद्ध रहेको जनाएको छ । बिहीबार सम्पन्न उक्त कार्यक्रममा नेपाल सरकार, नेपाल आयुर्वेद चिकित्सक सङ्घ, नेपाल चेम्बर अफ कमर्स र नेपाल आयुष उद्योगका प्रतिनिधि सहभागी थिए। रासस

# चलचित्र भवनमा 'पशुपति प्रसाद २ : भष्मे डन' र 'परदेशी २'

काठमाण्डु । नेपालका चलचित्र भवनमा दुई नेपाली चलचित्र प्रदर्शनरत छन् । दसैँलाई लक्षित गर्दै प्रदर्शनरत चलचित्रलाई दर्शकको साथ प्राप्त भइरहेको निर्माण पक्षले दाबी गरेका छन् । दसैँपछाडि नयाँ नेपाली चलचित्र तिहारमा मात्र प्रदर्शन हुने भएकाले एकसाता अझै ती दुई चलचित्र नै रहनेछन् ।

दसैँ लक्षित गर्दै प्रदर्शन गरिएको 'पशुपति प्रसाद २ : भष्मे डन' तेस्रो सातामा प्रदर्शनरत छ । खगेन्द्र लामिछानेले निर्माण तथा लेखन गर्नुभएको चलचित्रलाई दीपेन्द्रकुमार खनालले निर्देशन गर्नुभएको हो । यसमा विपिन कार्की, सौगात मल्ल, स्वस्तिमा खड्का, रवीन्द्रसिंह बानियाँ, माओत्से गुरुङ, प्रकाश घिमिरे, लोकेन्द्र लेखक, मिस्श्री थापा, सजन थापा मगरलगायत कलाकारले अभिनय गर्नुभएको छ । "दर्शकले रुचाउनु भएकै कारण पशुपति प्रसादको कथालाई निरन्तरता दिएका हौँ । हामीले मौलिक नेपाली कथालाई पर्दामा प्रस्तुत गरेका छौँ", लेखक लामिछानेले भन्नुभयो ।

चलचित्र 'परदेशी २' चौथो सातामा प्रदर्शनरत छ । नरायण रायमाझीले निर्देशन गर्नुभएको चलचित्रमा केकी अधिकारी, दिलीप रायमाझी, प्रशान्त तामाङ, वर्षा सिवाकोटी, प्रकाश सपुत, नीर शाह, रमा थपलियालगायत कलाकारले अभिनय गर्नुभएको छ।

चलचित्रमा उज्ज्वल भविष्यको सपनासहित विदेशिन बाध्य युवा र सन्तानको पखाइमा दिन काटिरहेका आमाबुबाको कथालाई देखाइएको निर्देशक रायमाझीले बताउनुभयो । उहाँले भन्नुभयो, "मेरा अघिल्ला चलचित्र झैँ मौलिक कथालाई नै पर्दामा ल्याए । अहिले चलचित्र भवनमा पुग्दा दर्शकमार्फत पाइरहेको प्रतिक्रियाले उत्साहित छु। रासस

# दुई पाइलटको लाइसेन्स निलम्बन

काठमाण्डु । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले दुई विमान चालकको लाइसेन्स निलम्बन गरेको छ । शुक्रबार बिहान रामेछापको मन्थली विमानस्थलमा तारा एयरका दुई पाइलटहरू वरिष्ठ क्याप्टेन सन्तोष शाह र क्याप्टेन सञ्जीव श्रेष्ठबीच विमानस्थल परिसरमै कुटाकुट भएपछि उनीहरूको लाइसेन्स निलम्बन गरिएको क्यानका प्रवक्ता तथा उपमहानिर्देशक जगन्नाथ निरौलाले जानकारी दिनुभयो ।

"राष्ट्रिय सुरक्षा मापदण्डको उल्लङ्घनको कारण अर्को सूचना नभएसम्म दुई वरिष्ठ क्याप्टेनको लाइसेन्स निलम्बन गरिएको छ । विस्तृत अनुसन्धानपछि लाइसेन्स खारेज वा नियमबमोजिम अन्य दण्डात्मक कारबाही हुन सक्छ", उहाँले भन्नुभयो। एउटै कम्पनीका दुई पाइलटबीच के कति कारणले कुटाकुट भएको त्यो भने खुल्न नसकेको क्यानले जनाएको छ । रासस

# नेपाल परिसङ्घ युएनसीडीएफको 'वेब प्लेटफर्म' मा आबद्ध

काठमाण्डु । संयुक्त राष्ट्रसङ्घ पूँजी विकास कोष (युएनसीडीएफ) को 'अगोरा' वेब प्लेटफर्ममा नेपाल उद्योग परिसङ्घ (सिएनआइ) आवद्ध भएको छ । लगानी तथा व्यापार अभिवृद्धिमा सहयोग गर्न सो प्लेटफर्म मा खडा गरिएको हो ।

परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवाल र यूएनसीडीएफका उपकार्यकारी सचिव जेभियर मिचोनले अगोरा प्लेटफर्म सञ्चालन तथा आबद्धतासम्बन्धी समझदारीपत्र आज आदानप्रदान गर्नुभयो । अगोरा प्लेटफर्ममा आवद्ध भएको नेपाल उद्योग परिसङ्घ नेपालको पहिलो संस्था हो ।

आगामी दिनमा परिसङ्घले नेपाली उद्योगहरूको लागि लगानी प्रवर्द्धनलाई बढावा दिन अगोरा प्लेटफर्मलाई अगाडि बढाउनेछ । उत्पादन तथा सेवामुलक उद्योगहरुको प्रतिनिधिमुलक संस्था परिसङ्घले अगोराको घरेलु परिनियोजनको निरीक्षण गर्नेछ । नेपालका उद्यमी एवं व्यवसायीहरूलाई उद्यमशिलताको विकासका लागि आवश्यक पर्ने वित्तियसहित विशेषज्ञता आवश्यकताको आधारमा दिइनेछ ।

परिसङ्घका अध्यक्ष अग्रवालले युएनसीडीएफसँगको सहकार्यबाट नेपालमा लगानीको परिदृश्यलाई रूपान्तरण गर्न अगोरा प्लेटफर्म महत्त्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो । यूएनसीडीएफका उपकार्यकारी सचिव मिचोनले परिसङ्घसँगको अर्थपूर्ण सहकार्य र साझेदारीले नेपाली वस्तुको अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तार गर्न सहयोग हुने बताउनुभयो। रासस

# सुनसरीमा तीन हजार हेक्टर क्षेत्रफलमा आलु खेती

इनरुवा । सुनसरीका कृषक आलु खेती लगाउनतर्फ व्यस्त भएका छन् । जिल्ला सदरमुकाम इनरुवासहित भोक्राहा नरसिंह, कोशी, हरिनगर, देवानगञ्ज, गढी, बराहक्षेत्र, दुहबी धरानलगायत स्थानमा बसोबास गर्ने किसान दसैँ सकिएसँगै आलु खेती गर्नेतर्फ व्यस्त भएका हुन् ।

इनरुवाका किसान गौरी यादवले दसैँअगाडि धान बाली भित्र्याएरपछि अहिले आलु रोप्नका लागि चटारो रहेको बताउनुभयो । हरिनगरका चन्दन मेहताले भन्नुभयो " आलु रोप्न भ्याइनभ्याइ छ ।"

यहाँका कृषकले हिउँदे बालीका रूपमा मुख्यतः आलुखेती नै गर्ने गरेको कृषि ज्ञान केन्द्र सुनसरीका प्रमुख नीलकमल सिंहले जानकारी दिनुभयो। आलुको माग बजारमा उच्च भएपछि किसान थप व्यावसायिक रूपमा आलु खेतीमा लाग्ने गरेको स्थानीय कृषकले बताएका छन् । जिल्लामा एउटा किसानले एक कट्ठादेखि पाँच बिघा क्षेत्रफलसम्म आलु खेती गर्ने गरेको छ।

विगतमा परम्परागत पुरानो आलुको बीउ लगाउँदै आएको किसान अहिले नयाँ जातको बीउ लगाउन थालेका छन् । यहाँका किसानले मुख्यतः काडिनल, जनक, कुफरी जपि, भुटानी, सठिया, टिपिएस लगायतका जातका आलु लगाउने गरेको ज्ञान केन्द्र सुनसरीका प्रमुख सिंहले जानकारी दिनुभयो ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : पारिवाहिक सुख । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : सुख समृद्धि हुने । |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : धन बृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सयपत्री फूलको व्यावसायिक खेतीबाट मनग्य आम्दानी

धनुषा। लहरै रोपिएका सयपत्री फूलका बिरुवा । ती मध्ये कुनै हाँगामा फूलका कोपिला झपक्क छन्, कुनै हलल बढेर ढल्न आँटेका। यही बिरुवाको स्याहारमा जुटेका छन् किसान रामप्रवोध पण्डित । धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-४ हरैयाका उहाँले व्यावसायिक सयपत्री फूलखेती सुरु गर्नुभएको लामो समय भएको छैन। उहाँको फूलबारीमा पुग्दा जोसुकैको मन आनन्दित हुन्छ। तिहार लक्षित गरेर रोपिएका सयपत्री सबैको ध्यान तान्ने भएका छन् ।

उहाँले चार वर्षअघि कोरोनाका कारण लकडाउन सुरु हुँदा कामविहीन भएपछि क्षीरेश्वरनाथ नगरपालिकामा 'श्री सुबधिमाई फूल भण्डार तथा उत्पादन शाखा' सञ्चालन गरेर व्यावसायिक फूलखेती सुरुआत गर्नुभयो। क्षीरेश्वरनाथ -४ हरैयामा १० कठ्ठा जमिन भाडामा लिएर उहाँले व्यावसायिक फूलखेती सुरु गर्नुभएको हो। सुरुमा फूलखेतीसम्बन्धी अनुभव नहुँदा र लगातार दुई वर्षको लकडाउनमा खासै आम्दानी गर्न नसके पनि घाटा पनि नभएको उहाँले बताउनुभयो ।

उहाँले गत वर्ष तिहारका समयमा फूलमात्रै रु १० लाखको बिक्री गरेको र यसबाट खर्च, मेहनत, ज्याला मजदुरी सबै कटाएर करिब रु छ लाखजति बचत भएको जानकारी दिनुभयो । यसपटक एकै याममा रु १५ देखि २० लाख आम्दानी गर्ने लक्ष्य रहेको उहाँको भनाइ छ। गत वर्ष कममा पाँच जातको सयपत्री फूलखेती गर्नुभएकामा यसपालि मेग्रा, चिनाचेरी, कर्मा त्रिपल फाइभ ओरेन्ज, सेतो हजारी, कलकत्ते ओरेन्जलगायत जातका सयपत्रीका बिरुवा रोपिएका छन् ।

युवाहरू वैदेशिक रोजगारीका लागि बाहिर जानु नपर्ने र स्वदेशमै कृषिबाट मनग्य आम्दानी गर्न सकिने रामप्रवोधकी श्रीमती फूलो देवीको भनाइ छ । फूल उत्पादनका लागि यहाँको माटो उपयुक्त रहेको उहाँको भनाइ छ। यहाँ उत्पादित फूल विदेश निर्यात गरेर पनि आम्दानी गर्न सक्ने सम्भावना छ।

अहिले आफू श्रीमती र दुई बुहारीसहित यही फूलखेतीमा लागिरहेको जनाउँदै फूलो देवीले भन्नुभयो, "जग्गा बाँझो छाडेर विदेश जानुभन्दा स्वदेशमै बसेर यस्तै फूलखेती गर्न सके आयआर्जनको बलियो आधार हुने अवस्था छ ।" रामप्रवोधले यसपालि फूलखेतीको क्षेत्र विस्तार गरेर एक बिघा पुर्याएको हुँदा उपभोक्ताले केही सस्तो मूल्यमा फूल किन्न पाउने धारणा व्यक्त गर्नुभयो ।

फूलमा क्षीरेश्वरनाथ नगरपालिका र आपपासका गाउँ नगरलाई आत्मनिर्भर गराउने उद्देश्यले फूलखेतीको क्षेत्र विस्तार योजना रहेको रामप्रवोधले बताउनुभयो । "फूलखेतीबाट हुने आम्दानी राम्रो छ, सिजनमा लाखौँ रुपैयाँको फूल बिक्री भइरहेको छ", उहाँले भन्नुभयो । फूलखेतीबाट आम्दानी राम्रो हुन थालेपछि काम खोज्दै विदेश पनि जान नपरेको उहाँको भनाइ छ।

रामप्रवोधले स्थानीय एभरेष्ट पेपर मिल्सको जागिर छाडेर फूलखेतीमा लाग्नुभएको हो । मासिक रु २५ हजारको जागिर छाडेर पुष्प व्यवसायमा लाग्नुभएको उहाँ फूलखेतीबाटै मासिक रु एक लाख बढी कमाउने बताउनुहुन्छ। पण्डित परिवारलाई घाम उदाएदेखि अस्ताएसम्म फूलबारीमा काम गर्न भ्याइनभ्याइ हुन्छ । फूलो देवी भन्नुहुन्छ, "फूलको हेरचाहमै दिन बित्छ, बिहान उठेदेखि नै फूलमा पानी हाल्यो, गोडमेल गर्‍यो समय बितेको पत्तै हुँदैन ।"



### फूलले बजार पाउादा हर्षित

आफ्नो खेतमा उत्पादन भएको फूलले बजार पाउँदा उहाँहरू निकै खुसी छन् । फूल राम्रो देखेर जिल्लामा आयोजना हुने जुनसुकै कार्यक्रममा पनि फूलका लागि निरन्तर फोन आउँदा उनीहरूलाई हौसला बढाएको छ । "यसरी आएको फोन र फूलले बजार पाउँदा पुष्प व्यवसायमा लाग्न अझ उत्साहित बनाएको छ।" "सार्वजनिक कार्यक्रममा खादाभन्दा मालाको माग बढ्दो छ", रामप्रवोधलले भन्नुभयो, "उत्पादनले बजार नपाउने चिन्ता छैन, मागअनुसार पुर्याउनै सकेको छैन ।"

सपरिवारलाई यतिबेला फूल टिप्न र बेच्न भ्याइनभ्याइ छ। व्यावसायिकरूपमा सयपत्री फूलखेती गर्नुभएका उहाँलाई तिहारमा फूल टिप्ने र बेच्ने चटारो भएको हो । सयपत्री फूलको माग अत्यधिक भएकाले फूलले यहाँको माग पुर्‍याउन सकिएको छैन। कृत्रिम फूल प्रयोगकर्ता घटेपछि प्राकृतिक फूलमा आकर्षण बढ्दा जिल्लामा सयपत्री फूलको माग बढी भएको क्षीरेश्वरनाथ नगरपालिकाका कृषि अधिकृत गङ्गा यादवले बताउनुभयो।

प्रतिमाला रु २५ देखि ३० मा बिक्री हुने गरेकामा तिहारको अवधिभर २५ हजार माला बिक्री हुने रामप्रवोध दम्पतीको विश्वास छ । जसबाट रु सात लाखभन्दा माथि आम्दानी हुने बताउनुभयो । रामप्रवोध भन्नुहुन्छ, "फूलसँग रमाउने मेरो रुचि हो। सानैदेखि फूलप्रति मेरो मोह छ। मेरो घरवरपर बिरुवाले भरिभराउ हुन्थ्यो, तर यो नै मेरो पेसा बन्ने छ भन्ने सोचेको थिइनँ।"

### फूलको माग पुर्‍याउन धौधौ

पुष्प खेतीबाट पर्याप्त आम्दानी हुँदैन, बजार छैन भन्नेका लागि रामप्रवोध पण्डित एक उदाहरण बन्नुभएको छ। "फूलखेतीबाट आफ्नो परिवार चलाउन मलाई दुःख छैन, १० हजार मालामात्र बेचे मुनाफा रु दुई लाख हुन्छ। एक बिघामा फूल रोप्दा पनि जिल्लाभन्दा बाहिर माग पुर्‍याउन सकेको छैन, बजार छैन भन्न मिल्दैन", उहाँले भन्नुभयो। बजारमा मालाको अभाव देखिनु कृषकले व्यावसायिकरूपमा पुष्पखेती नगर्नुको उपज भएको रामप्रवोधलको भनाइ छ। फूल खरिदमा करोडौँ रकम भारत जानु र यहाँ बजार नदेख्नु हाँस्यास्पद कुराबाहेक केही नभएको उहाँको भनाइ छ । "कहिलेकाहीँ काम धेरै भएका बेला ज्यालामा पनि खेतला लगाउने गरेको छु, एक्लै भए पनि काम गर्न आनन्द लाग्छ, ढकमक्क फुलेका फूलको सुगन्धले एक्लोपनको आभास नै गराउँदैन", उहाँले भन्नुभयो।

रामप्रवोधले विवाह, पूजा, विभिन्न सङ्घसंस्थाको औपचारिक तथा अनौपचारिक कार्यक्रममा उत्पादन गरेको सयपत्री फूलको माला खपत हुने गरेको बताउनुभयो । कम लागानीमा छिटो र उत्पादन राम्रो हुनका साथै आम्दानी मनग्य भएपछि रामप्रवोध आकर्षित हुनुभएको हो। "विभिन्न कार्यक्रम र उत्सवमा फूलको माला प्रयोग बढ्न थालेपछि व्यावसायिकरूपमा गर्दा आम्दानी हुन्छ भन्ने लागेपछि यसतर्फ लागेका हौँ", रामप्रवोधले भन्नुभयो, "फूल आयातको सट्टामा निर्यात हुन्छ, जिल्लामै फूलको खपत पनि हुने भएपछि यसमा लागेका हौँ, तिहारमा यो फूल अझ बढी खपत हुन्छ, यसले हामीलाई उत्साह थपेको छ।"

सुरुआत गर्दा आफ्नै चार-पाँच कठ्ठा जमिनमा रु तीन प्रतिगोटाको दरले फूलको बिरुवा किनेर करिब पन्ध्र सय बिरुवा रोपेर सुरुआत गरेको फूलखेती अहिले एक बिघामा विस्तार गरेको रामप्रवोधको गुनासो राज्यसँग छ । उहाँले आफूजस्ता किसानलाई राज्यले कुनै किसिमको सहयोग नगरेको गुनासो गर्नुभयो । प्राविधिक सहयोगका साथै केही अनुदानको बन्दोबस्त राज्यस्तरबाट भए अरु किसान पनि व्यावसायिक फूलखेतीतर्फ आकर्षित हुने धाराणा उहाँ राख्नुहुन्छ। रासस

# महानगरद्वारा तीन महिनामा रु १६ करोड २६ लाख राजस्व सङ्कलन

वीरगञ्ज । मधेश प्रदेशकै एकमात्र महानगरपालिका वीरगञ्ज महानगपालिकाले चालु आर्थिक वर्षको तीन महिनामा रु १६ करोड २६ लाखभन्दा बढी राजस्व सङ्कलन गरेको छ। सो अवधिमा विभिन्न २१ शीर्षकमा रु १६ करोड २६ लाख ३६ हजार चार सय ३७ राजस्व सङ्कलन गरिएको हो।

महानगरपालिकाको राजस्व शाखाका अनुसार चालु आर्थिक बर्षको साउनदेखि असोजसम्ममा सम्पत्ति करबाट रु सात करोड ४३ लाख ८२ हजार ४७, घरबहाल करबाट रु एक करोड ७२ लाख २४ हजार एक सय १७, व्यवसाय रजिष्ट्रेसन दस्तुरबाट रु एक करोड आठ लाख २६ हजार दुई सय ३०, सरकारी सम्पत्ति बहालबाट रु एक करोड २७ लाख ९६ लाख दुई सय चार, अन्य सेवा शुल्कबाट रु एक करोड २७ लाख सात हजार दुई सय ७८, नक्सा पास दस्तुरबाट रु एक करोड चार लाख ४४ हजार छ सय १२, अखेटोपहारमा लाग्ने करबाट रु ६१ लाख राजस्व सङ्कलन भएको छ।

यस्तै सिफारिस दस्तुरबाट रु ७२ लाख २६ हजार पाँच सय ४१, साना सवारी साधन करबाट रु १० लाख ९९ हजार तीन सय ५०, भूमिकर/मालपोतबाट रु ३८ लाख ३२ हजार चार सय ७८, बहाल बिटौरी करबाट रु आठ लाख १२ हजार र प्रशासनिक दण्ड जरिवानाबापत रु २३ लाख २३ हजार ८३ राजस्व सङ्कलन भएको राजस्व शाखाप्रमुख मनोजकुमार कर्णले जानकारी दिनुभयो।

यसैगरी व्यक्तिगत घटना दर्ताबाट रु नौ लाख ३८ हजार तीन सय छ, नाता प्रमाणित दस्तुरबाट रु सात लाख ७४ हजार सात सय ८०, सिफारिस दस्तुरबाट रु ७२ लाख २६ हजार पाँच सय ४१ राजस्व सङ्कलन भएको राजस्व शाखाप्रमुख कर्णले बताउनुभयो।

गत आर्थिक वर्ष २०७९/८० को तीन महिनाको तुलनामा करिब रु तीन करोडभन्दा बढी राजस्व सङ्कलन भएको हो । महानगरपालिकाले गत आर्थिक वर्षको साउनदेखि असोजसम्म विभिन्न शीर्षकमा रु १३ करोड ४४ लाख एक सय ८१ राजस्व सङ्कलन गरेको थियो।

आर्थिक वर्ष २०७८/७९ सम्म घरजग्गा रजिष्ट्रेसन शुल्क महानगरपालिकाले उठाउँदै आएकामा गत आर्थिक वर्षबाट राजस्व बाँडफाँट शीर्षकमा तीनै तहको सरकारमा राजस्व सङ्कलन हुन थालेको छ।

चालु आर्थिक वर्षमा महानगरपालिकाले सम्पत्ति करको दर घटाए पनि दायरा बढ्ेको, लामो समयपछि जग्गाको कित्ताकाट खुल्ला गरिएको नक्सापास र जग्गा कारोबार सुरु भएकाले गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा राजस्व सङ्कलन बढ्ेको वीरगञ्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले बताउनुभयो। रासस

# चिनीको कृत्रिम अभाव गरिएको थाहा भए १०० मा फोन गर्नु : नेपाल प्रहरी



काठमाण्डु । नेपाल प्रहरीले चिनीको कृत्रिम अभाव सिर्जना गरेको पाइए त्यसको सूचना प्रहरीको निःशुल्क हटलाइन नम्बर (१००) मा दिन आग्रह गरेको छ।

चिनीको कालोबजारी, जम्माखोरी वा कृत्रिम अभाव सिर्जना गरेको पाइएमा त्यसको सूचना हेलो सरकार, प्रहरीको निःशुल्क हटलाइन १०० वा नेपाल प्रहरीको आधिकारिक सामाजिक सञ्जालमा जानकारी दिन आग्रह गरिएको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कुवेर कडायतले जानकारी दिनुभयो।

उहाँका अनुसार चिनीको अभाव हुन नदिन प्रहरीका सम्पूर्ण इकाइ सक्रिय परिचालन गरिएको छ । तिहारको मुखमा बजारमा चिनीको कृत्रिम अभाव सृजना गरी चिनीको अभाव भएको जनगुनासो आएपछि सम्पूर्ण इकाइलाई सक्रिय परिचालन गरेको प्रवक्ता कडायतले बताउनुभयो । उहाँले भन्नुभयो, "पछिल्लो समय बजारमा चिनीको कृत्रिम अभाव सिर्जना गरिएको भन्ने खबर प्रहरीले बजारमा चिनीको आपूर्ति सहज बनाउन सबै उपाय लगाइने छ।"

गत बिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा भएको सरोकारवालाहरूको बैठकले प्रहरी प्रशासन परिचालन गरेर आयातकर्ता र उद्योगमा चिनीको भण्डारण खोजतलास गर्ने र भेटिएको चिनी बजारमा पठाउने निर्णय गरिएको थियो । सो बैठकले अवैध ढङ्गले नेपाली बजारमा चिनी भित्रिएको र चर्को मूल्यमा करछली गर्दै बजारमा पठाइने गरेको निष्कर्ष निकाल्दै चिनीको कालोबजारी रोक्न राज्यका सम्पूर्ण निकायलाई परिचालित गर्ने निर्णय गरेको थियो।

तिहारको समयमा चिनीका अभाव हुन नदिन एभरेष्ट सुगर मिल्समा मौज्दात रहेको तीन हजार मेट्रिक टन चिनी बजारमा पठाउन थालिएको छ । विभिन्न पेय पदार्थ उत्पादक कम्पनीका नाममा बिक्री भएर उद्योगमै मौज्दात रहेको उक्त परिणामको चिनी वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको सक्रियतामा खुद्रा व्यापारी मार्फत बजारमा पठाउन लागिएको हो।

बिहीबार गुह्येश्वरी ट्रेड लिङमार्फत एक सय ६० बोरा चिनी क्षेत्रपाटी, शोभाभगवती, पक्नाजोल र नरदेवीलगायत क्षेत्रका खुद्रा पसलमा बिक्रीका लागि पठाइएको नेपाल खुद्रा व्यापार सङ्घका कार्यवाहक अध्यक्ष नरेश खड्गीले जानकारी दिनुभयो। दसैँको समयमा माछा, मासु खाइने भएकाले चिनीको खासै आवश्यकता नहुने गरेको भएपनि तिहारको समयमा प्राय रोटीलगायतका चिज वस्तुका लागि चिनी आवश्यक पर्ने हुँदा दसैँभन्दा बढी तिहारमा चिनीको माग बढ्ने गरेको पाइन्छ।

यसैगरी भारतबाट २५ हजार मेट्रिक टन चिनी ल्याउन लागिएको छ। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका निर्देशक तथा सूचना अधिकारी आनन्दराज पोखरेलले जी टु जीमार्फत चिनी ल्याउन लागिएको बताउनुभयो । उहाँले भन्नुभयो, "भारतबाट जीटूजी (सरकार-सरकार) मार्फत चिनी आउन लागेको हो । उक्त चिनी नेपालमा रहेका साल्टट्रेडिङ र खाद्य व्यवस्था व्यापार कम्पनीमार्फत बिक्रि बितरण गरिने छ।"

शनिबार र आइतवार भारतमा सरकारी बिदा हुने भएकाले त्यसपछि मात्र चिनी आयात हुने उहाँको भनाइ छ । चाडपर्वको मौका छोपेर केही व्यापारीले चिनी लुकाएको आशङ्का गरी सरकारले चिनीका गोदाममा छापा मार्न प्रहरीलाई निर्देशन दिइसकेको छ । यस्तै, चिनीको अभाव हटाउन उद्योगीसँग मौज्दातमा रहेको चिनी पनि बजार पठाउन थालिएको जनाइएको छ। रासस

# 'जाउँ है पोखरा अभियान', प्राथमिकतामा आन्तरिक पर्यटन

महोत्तरी । होटल सङ्घ पोखराको आयोजना एवं पोखरा महानगरपालिकाको सहयोगमा बिहीबारदेखि पूर्वी नेपालका प्रमुख सहरमा पर्यटन प्रवर्द्धन कार्यक्रम सुरु गरिएको छ।

पोखरामा आन्तरिक पर्यटनलाई चलायमान बनाउने लक्ष्यका साथ 'जाउँ है पोखरा' अभियानका साथ हिँडेको पर्यटन व्यवसायी, जनप्रतिनिधि, सञ्चारकर्मीसहितको टोलीले पूर्वी नेपालका प्रमुख सहरमा पर्यटनसम्बद्ध क्षेत्रका व्यवसायीलाई भेट्दै पोखरा भ्रमणको निम्तो दिने होटल



सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो । पोखराबाट बिहीबार जनकपुर आइसकेको टोलीले उक्त क्रममा राजमार्ग क्षेत्रको बर्दिवासमा त्यहाँका व्यवसायीसँग पर्यटकीय साझेदारीलगायतका विषयमा छलफल गरेको छ । छलफलमा होटल सङ्घ पोखराका अध्यक्ष सुवेदीले आफूहरूले दुई दशकअघिदेखि नेपालभित्रैका विभिन्न सहरमा 'जाउँ है पोखरा' अभियान सञ्चालन गर्दै आएको जानकारी गराउनुभयो।

होटल सङ्घले अभियान सञ्चालन गर्दा तत्कालीन समयमा एक प्रतिशतमात्रै रहेको आन्तरिक पर्यटकको आगमन हालसम्म आइपुग्दा ३५ प्रतिशत पुगिसकेको उहाँले बताउनुभयो। जाउँ है पोखरा अभियानले पोखरामात्र नभई नेपालका अन्य पर्यटकीय सहरमा पनि महत्त्वपूर्ण प्रभाव पारेको सुवेदीले बताउनुभयो । देशमा आन्तरिक द्वन्द्वको समयका साथै कोरोना महामारीलगायतका विभिन्न विपत्तिले समग्र पर्यटन क्षेत्र सङ्कटमा परेका अवस्थामा आन्तरिक पर्यटनले महत्त्वपूर्ण भरथेग गरेको उहाँले बताउनुभयो।

होटल तथा पर्यटन व्यवसायी सङ्घ बर्दिवासका अध्यक्ष गोपाल कार्कीले पर्यटन क्षेत्रको विकास राज्यको प्राथमिकतामा पर्नुपर्ने बताउनुभयो।सरकारकोपर्यटनमैत्री नीतिका साथै अत्यावश्यकीय पूर्वाधार विकासमा राज्यले सहयोग गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । आन्तरिक पर्यटनको विकासबाट पर्यटन क्षेत्रलाई चलायमान बनाउन सकिने बताउँदै कार्कीले आफूहरू पर्यटकीय साझेदारी बढाउने कुरामा तयार रहेको बताउनुभयो।

होटल एशोसिएसन नेपाल (हान) मधेस प्रदेशका सदस्य दीपेन्द्र पराजुलीले साझेदारी बढाउन सकेमा पर्यटन क्षेत्रको विकास सम्भव हुने धारणा राख्नुभयो। पूर्वी नेपालका धेरै पर्यटकीय गन्तव्य प्रवर्द्धन हुन नसकेको बताउँदै उहाँले २३ प्रजातिको लालीगुराँस पाइने तीनजुरेलगायतका गन्तव्यमा पर्यटक पुग्न नसकेका बताउनुभयो।

"कतिपय गन्तव्य बाटोलगायतका पूर्वाधार नहुँदा प्रवर्द्धन हुनसकेका छैनन्", उहाँले भन्नुभयो, "पूर्वाधारका कारण पछि परेका गन्तव्यको विकासका लागि त्यहाँका अत्यावश्यकीय पूर्वाधार निर्माणलाई राज्यले जोड दिनुपर्छ ।" पछिल्ला समयमा बर्दिवास क्षेत्रमा सुविधासम्पन्न होटल थपिने क्रम बढिरहेको बताउँदै उहाँले सुविधासम्पन्न होटलको सङ्ख्या न्यून रहेको जानकारी दिनुभयो । बर्दिवासमा मध्यमस्तरका तथा सामान्य होटल भने थपिँदै छन्।

होटल तथा पर्यटन व्यवसायी सङ्घ बर्दिवासका महासचिव नारायण घिमिरेले पछिल्लो समयमा नेपालीमा घुमफिर संस्कृति बढिरहेको बताउनुभयो। होटलको व्यवसाय घट्दा समग्र बजारको व्यवसाय पनि घटेको पाइएको उल्लेख गर्दै उहाँले देशका सबै किसिमका व्यापार-व्यवसाय बढ्नका लागि होटलको व्यापार बढ्नु जरुरी रहेको धारणा राख्नुभयो । दिगो पर्यटनका लागि आन्तरिक पर्यटन नै बढ्नुपर्नेमा जोड दिँदै उहाँले यसका लागि पर्यटकीय सहर तथा गन्तव्यको एकापसामा साझेदारी हुनु आवश्यक रहेको बताउनुभयो । चर्को ब्याजदरलगायतका कारण पर्यटन व्यवसाय सङ्कटमा परिरहेको उल्लेख गर्दै घिमिरेले पछिल्लो समयमा बढ्दो युवा जनशक्ति पलायनले पर्यटन क्षेत्रमा दक्ष कामदार पाउन मुस्किल परिरहेको बताउनुभयो । विभिन्न धार्मिक पर्यटकीय गन्तव्यको प्रवर्द्धनबाट उक्त मार्ग तथा क्षेत्रमा पर्ने स्थल प्रवर्द्धन हुने बताउँदै उहाँले पाथिभरा जाने पर्यटकको सङ्ख्या बढ्दा बर्दिवासको स्वतः प्रवर्द्धन हुने बताउनुभयो । होटल तथा पर्यटन व्यवसायी महासङ्घ मधेस प्रदेशका अध्यक्ष हीरा गौतमले दिगो पर्यटनका लागि आन्तरिक पर्यटनका गतिविधि बढ्नु जरुरी रहेको बताउनुभयो ।रासस

# जीतपुरको भू-इञ्जिनियरिङ तथा वातावरणीय अध्ययन

काठमाण्डु । खानी तथा भूगर्भ विभागले देशभरका विभिन्न सहरको भू-इञ्जिनियरिङ तथा वातावरणीय अध्ययन गरेको छ। विभागले नेपालका विभिन्न भागमा विकसित हुँदै गएको सहरको भूवनोट र उक्त स्थानमा सहर बस्न हुन्छ कि हुँदैन भन्ने उद्देश्यका साथ विसं २०५२ देखि प्रत्येक वर्ष एक सहरको अध्ययन गर्दै आएको हो।

यस वर्ष सिमराको जीतपुर बजारको भू-इञ्जिनियरिङ तथा वातावरणीय अध्ययन गरिएको विभागले जनाएको छ। गत वर्ष महोत्तरीको बर्दिबासको अध्ययन गरेको थियो।

विभागले हालसम्म काठमाण्डु, पोखरा, बुटवल, भद्रपुर, धरान, जनकपुर, वीरेन्द्रनगर, तुलसीपुर, धनगढी, भैरहवा, टीकापुर, सिन्धुलीमाडी, हेटौँडा, वीरगञ्ज, विराटनगर, दमौली, विदुर, दमक, बनेपा, गुललिया र नारायणघाटको अध्ययन सम्पन्न गरिसकेको छ।

विभागका महानिर्देशक रामप्रसाद घिमिरेले सहर बसाउनका लागि आवश्यक माटो, पानी, ढुङ्गा, फोहरमैला व्यवस्थापन र नदी किनाराको कटानसम्बन्धी अध्ययन, अनुसन्धान गरी सुरक्षित सहर बसाउनका लागि सम्बन्धित स्थानीय सरकारलाई राय सुझाव दिँदै आएको बताउनुभयो।

"सहरको कुन क्षेत्रमा कस्ता पूर्वाधार निर्माण गर्न सकिन्छ, भन्नेबारेमा हामीले भू-इञ्जिनियरिङ तथा वातावरणीय अध्ययन गरेर सम्बन्धित स्थानीय तह, प्रदेश सरकार र केन्द्र सरकारलाई राय, सुझाव दिँदै आएका छौँ", उहाँले भन्नुभयो ।रासस

# चाडपर्व र बाली थन्क्याउने चटारो सँगसँगै

महोत्तरी । मध्य कात्तिक कटेसँगै महोत्तरीका किसानलाई चटारो बढेको छ। खेतमा धान पाकेर खेत पहेँलपुर छ। आलु, कोभी, भाण्टासहितका हिउँदे तरकारी, गहुँ, दलहन र उखु लगाउने बेला । यसैबेला मुख्य चाडपर्व तिहार र छठको रमझम छ । यहाँका किसानलाई अहिले राष्ट्रिय महत्वका पारम्परिक चाडपर्वसँगै धान थन्क्याउने र हिउँदे बाली लगाउने चटारो सँगसँगै परेको छ।



जिल्लाको मध्य र दक्षिणी क्षेत्रमा अलि ढिलो पाक्ने धान लगाउने गरिन्छ। तर उत्तरी क्षेत्रमा हिउँदे बाली लगाउन पछि खेतबारी रुखिने हुँदा चाँडै (कात्तिकमा) पाक्ने धान लगाइने गरिन्छ । यसपालि कात्तिक दोस्रो साताभित्र दसैँ सकेका किसानलाई अन्तिम सातामा दिवाली र त्यसलगत्तै छठले छोप्दैछ । यसैबेला मुख्यबाली (धान) काट्ने, दाइँ गर्ने र थन्क्याउनु छ । हिउँदे आलु, कोभी र भाण्टासहितका तरकारी बाली लगाउन बेला बित्दैछ । धान काट्नासाथ गहुँ, दलहन (चना, मुसुरो, रहरिया, केराउ), तेलहन-तोरी, सर्स्यू, आलस) मसला (धनियाँ) र उखु रोपिनु छ । चाडवाडको रमझम र खेतीपातीको चटारो सँगसँगै पर्दा आफूहरूलाई अहिले भ्याइनभ्याई परेको किसान बताउँछन्।

"मुखमा चाडवाड छन्, खेतमा वर्ष दिन खाने अन्न (धान) पहेँलपुर भएर पाकेको छ, राम्ररी सास फेर्ने फुर्सद छैन", भङ्गाहा-५ कर्पुरगन्जका रामजुलुम सर्दार भन्नुहुन्छ, "सबैलाई पर्व लागेको हुँदा जनमजदुर (कृषि कार्यका श्रमिक) पनि पाइँदैनन्, घरका केटाकेटी चाडवाडकै रमाइलोमा छन्, अहिले धपेडी छ।" तिहार र छठजस्ता मुख्य पर्वको मुखमा यहाँका किसानलाई धान काट्ने, झाँट्ने र थन्क्याउनेसँगै तोरी छर्ने बारीको खनजोत गर्न पनि भ्याइनभ्याई परेको सर्दार बताउनुहुन्छ।

अहिले कतिले धान काटेर खेतमै सुकाएका छन् । कति खलोमा धान चुट्दैछन् । यता घरमा लिपपोत र सिङ्गारपटारको चटारो छ। खुसी र उज्यालोको पर्व दिवाली आ-आफ्ना सावगासअनुसार सबैले मन फुकाएर मनाउने परम्परा छ। गृहस्थ जीवन यी सबैको चाँजोपाँजोको जोड रहेको भङ्गाहा-४ पलारका ८० वर्षीय चौठी बाँतर बताउनुहुन्छ।

जिल्लाको उत्तरी क्षेत्रमा अहिले हिउँदे बाली लगाउने ठीक बेला परेको छ। कात्तिक अन्तिम साताको प्रारम्भमा रोपिने उखु, त्यसै बेला छरिने गहुँ र त्यसअघि दलहन चना, मुसुरो र केराउसहितका फसल कात्तिकमै लगाइसक्नुपर्ने हुँदा अहिले खेतबारी जोतखन गर्ने बेला छ । त्यसैगरी कतिपय किसान दिवाली र छठलक्षित आम्दानी लिन उखु पेलेर सख्खर बनाउन थालेका छन्। यसैबेला पुस-माघमा उत्पादन लिइने आलु, कोभी, भाण्टासहितका तरकारी बाली लगाउन पनि बेला भइ्किदो छ ।रासस

# अनमोललक्षित पूजाको व्यंग्य– 'मलाई स्टारसँग लेखेकै छैन'

काठमाण्डु । गत वर्ष अभिनेत्री पूजा शर्मा आफ्नै लगानीमा फिल्म 'रावायण' बनाउने तयारीमा थिइन् । निर्देशकमा सुदर्शन थापालाई लिएर उनले आफ्नो अपोजिटमा अभिनेता अनमोल केसीलाई भित्र्याएकी थिइन् । तर, पछि अनमोलले काम गर्ने मन देखाएनन् र १० लाख पेश्की रकम पनि फिर्ता गरे । त्यसअघि फिल्म 'प्रेमगीत'मा पनि पूजाको जोडी अनमोलसँग बाँध्ने प्रयास भएको थियो । तर, संयोग जुरेन ।

यसैले पूजालाई 'स्टार'सँग काम गर्न आफूलाई लेखेकै छैन भन्ने लाग्छ । शुक्रबार फिल्म 'उपहार'को गीत रिलिज कार्यक्रममा उनले घुमाउरो रुपमा अनमोलप्रति व्यंग्य गर्दै भनिन्, 'मलाई नयाँ हिरो मात्रै फाप्छ । मलाई स्टारसँग त लेखेकै पनि छैन । र, मलाई नयाँ हिरोसँगै काम गर्नुछ । नयाँ हिरोलाई ल्याउनु छ । नयाँ हिरो इन्डस्ट्रीमा चाहन्छ पनि । राम्रो-राम्रो हिरोहरु इन्डस्ट्रीमा आउनुहोला ।'

'उपहार'मा उनले नव-अभिनेता समर्पण जंग कार्कीसँग स्क्रिन साझेदारी गरेकी छन् । त्यसो त उनले आफ्नो करिअरमा प्रायः नयाँ अभिनेतासँगै काम गरेकी छन् । 'प्रेमगीत' गर्दा प्रदीप खड्का पनि नयाँ नै थिए । पूजासँग फिल्म गर्नुअघि पल शाह र आकाश श्रेष्ठ पनि स्थापित भैसकेका थिएनन् । 'सम्हालिन्छ कहिले मन'मा त सोनम तोप्देनलाई पूजाकै आग्रहमा डेब्यूको अवसर मिलेको थियो ।

हिरोइनबीच एकता भएर काम गर्नुपर्छ भन्ने रेखा थापाको भनाईले छोएपछि आफू उपहार'मा जोडिएको पनि उनले बताएकी छन् । यसरी काम गर्न आफू सधैं तयार रहेको उनको भनाई छ । 'इन्डस्ट्री एक वा दुईजनाले धानिँदैन । टिम भएर हिँड्यो भने राम्रो हुन्छ । इन्डस्ट्रीमा एकताको आवश्यक छ । इन्डस्ट्रीका केही नराम्रो कुरा आउँदा मन दुख्छ । यो चिज नहोस् भन्ने लाग्छ,' उनले भनिन् ।



# 'उपहार' फागुन २५ लाई निश्चित, 'वाह् वाह् वाह्' गीत रिलिज

काठमाण्डु । यस वर्षको महाशिवरात्रीमा नेपाली फिल्मबीच रोचक प्रतिस्पर्धा हुने छनक देखिएको छ । आगामी फागुन २५ गते एकपछि अर्को फिल्म थुप्रिरहेका छन् । 'काँडेतार', 'रंगेली' र 'लोकल हिरो'पछि अब यो मितिमा अभिनेत्री रेखा थापाको कमब्याक फिल्म 'उपहार' पनि प्रदर्शनमा आउने भएको छ । शुक्रबार एक गीत रिलिज गर्दै महाशिवरात्रीलाई फिल्मको प्रदर्शन मिति घोषणा गरिएको हो ।

काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको डान्सिङ तथा रोमान्टिक फ्लेवरको 'वाह् वाह् वाह्' गीतमा फिल्मका तीन जोडी फिचर्ड छन् । रेखा थापा र मुकुन भुषालले पानीमा नृत्य पस्किएका छन् भने पूजा शर्मा र समर्पण जंग कार्कीको केमेस्ट्री आकर्षक देखिन्छ । त्यसैगरी, बेनिशा हमाल र तेज गिरीको नृत्य पनि रोमाञ्चक छ । पूजा र बेनिशा बोल्ड अवतारमा प्रस्तुत छन् ।

बाबुल गिरी र एलिना चौहानको स्वर रहेको गीतमा शंकर अधिकारी (घायल)को शब्द रचना तथा गायक गिरी स्वयंको संगीत छ । गीतको अडियो पक्ष बलियो छ । गायनमा तालमेल नमिलेको भान भए पनि संगीत पक्ष बुलन्द छ । र, शब्द सजिलै सम्झन सक्ने खालको छ । तिहारको माहोलमा गीतले राम्रै चर्चा पाउन सक्ने देखिन्छ । गीतमा कविराज गहतराजको कोरियोग्राफी रहेको छ ।

ज्ञानेन्द्र देउजाको निर्देशनमा बनेको 'उपहार'मा शिशिर राणा, सुष्मा कार्की, अन्शु महर्जन, आशा भुषालगायतको पनि अभिनय छ । रेखा फिल्मस् र कपनगढी फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्मको कार्यकारी निर्मातामा रेखाका श्रीमान् बलराम शाही ठकुरी छन् । निर्मातामा भने सुलभ प्रतिक र समीक्षा देउजा रहेका छन् । फिल्मका अन्य तीन गीतमा अर्जुन पोखरेलको संगीत छ ।

विष्णु कल्पित घिमिरेको छायांकन, मित्र डि. गुरुङको सम्पादन, सुलक्षण भारतीको कथा, भारतीका साथै अभिमन्यू निरवी र माधव शर्माको पटकथा तथा संवाद रहेको फिल्ममा रोशन श्रेष्ठको द्वन्द्व निर्देशन छ । गीत रिलिज कार्यक्रममा निर्देशक देउजाले 'उपहार' सामाजिक विषयवस्तुमा आधारित रहेको बताए ।

# 'काजी' को बजार प्रवर्द्धनमा जोडियो 'पोष्टाम'



काठमाण्डु । इन्टनेटको पहुँच बढेसँगै विभिन्न सामाजिक सञ्जालमा फिल्मको प्रचार गर्ने ट्रेन्ड पनि बढेको छ । निर्माताले फिल्मको प्रचारका लागि सामाजिक सञ्जालमा मात्रै लाखौं रुपैयाँ खर्चिंदै आएका छन् । अब यसको विकल्पको रुपमा 'पोष्टाम' नामक अनलाइन प्लेटफर्मको उदय भएको छ । फिल्मका सामाग्रीलाई विश्वभर पुऱ्याउने उद्देश्य लिएको उक्त प्लेटफर्मले फिल्म 'काजी'सँग सहकार्य गरेको छ ।

बिहीबार काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच 'पोष्टाम'का सीइओ रोनिस दाहाल र फिल्मका निर्देशक लक्ष्मण रिजालबीच सम्झौता पत्रमा हस्ताक्षर भयो । 'पोष्टाम'ले ५० लाख बराबर फिल्मको विश्वव्यापी बजार प्रवर्द्धन निःशुल्क रुपमा गर्ने जनाइएको छ । निर्देशक रिजालले फेसबुक, टिकटकमा प्रचारका लागि गर्नुपर्ने खर्चको समाधानको रुपमा आफूले 'पोष्टाम'लाई लिएको बताए ।

त्यस्तै, 'पोष्टाम'का सीइओ दाहालले यो सामाजिक सञ्जाल मात्र नभइ एउटा 'एफिलेट' प्लेटफर्मको रुपमा अगाडि बढाएको बताए । यसलाई फेसबुक जस्तै गरी प्रयोग गर्न सकिने पनि उनले प्रष्ट्याए । तर, यो 'एफिलेट' प्लेटफर्म पनि भएकाले फिल्मजस्ता भिडियो कन्टेन्टलाई ल्याएर त्यसको बजार प्रवर्द्धन गरिने उनको भनाई छ । फिल्मको बजार प्रवर्द्धन विश्वव्यापी हुने उनले जानकारी दिए ।

'सुरुवातमा हामी टिजर, ट्रेलर, पोस्टरबाटै फिल्मको बजार प्रवर्द्धन गर्छौं । यसका लागि 'पोष्टाम'का अरु माध्यम पनि प्रयोग गर्नेछौं । हामीले आफ्नो बजार पनि अध्ययन गर्नुपर्ने भएकाले अहिलेलाई फिल्मको बजार प्रवर्द्धन निःशुल्क गरेका छौं,' सीइओ दाहालले भने ।

निर्देशक रिजालले भने 'पोष्टाम'लाई फिल्मको कुनै पनि राइट्स नदिएको प्रष्ट पार्दै प्रमोशनको मात्र अधिकार दिएको बताए । आगामी माघदेखि छायांकन सुरु हुन लागेको फिल्ममा विपिन कार्की, वर्षा सिवाकोटी, विजय बराल, बुद्धि तामाङ, सुमन कार्की र कैलाश कार्कीको अभिनय रहनेछ । सुनिल मानन्धरको श्रीराम बालाजी पिक्चर्सले वितरण गर्ने फिल्मको छायांकन बेलायतमा गरिने जनाइएको छ । रिजाल एन्ड रिजाल प्रोड्क्सनको ब्यानरमा निर्माण हुन लागेको फिल्मको निर्मातामा रामप्रसाद रिजाल रहेका छन् ।

# ७ वर्षपछि वर्षाले पाएको हिट



काठमाण्डु । फिल्मको सफलता कलाकारमा निर्भर रहँदैन । यदि रहन्थ्यो भने अभिनेत्री वर्षा सिवाकोटीले ७ वर्ष पर्खिनु पर्दैन थियो । सन् २०१६ मा रिलिज भएको फिल्म 'पशुपति प्रसाद'पछि उनले हिटको महसुस नै गर्न पाएकी थिइनन् । यो अवधिमा उनले मुख्य भूमिकामा अभिनय गरेका झण्डै एक दर्जन फिल्म प्रदर्शनमा आए । यसमध्ये उनले ठूलो आशा गरेका फिल्मले समेत सफलता देख्न पाएनन् ।

दशैंको माहोल छोपेर असोज २६ गतेदेखि प्रदर्शनमा आएको फिल्म 'परदेशी २'ले भने उनलाई ७ वर्षपछि हिटको अभाव मेटाएको छ । फिल्म यस वर्षको हिट सावित भैसकेको छ । फिल्मको मुख्य अभिनेत्रीमध्ये एक भएकाले यसको 'क्रेडिट' वर्षाले पनि पाएकी छन् । यद्यपि, उनको अभिनयको खासै प्रशंसा हुन सकेन । त्यसो त फिल्मले पनि समीक्षकबाट उत्ति राम्रो प्रतिक्रिया पाएको छैन ।

फिल्मको प्रचारमा वर्षाभन्दा केकी अधिकारी र प्रकाश सपूत हाबी थिए । मोफसल प्रचारदेखि बाग्लुङ प्रिमियरसम्म निर्माण टिमले केकी र प्रकाशलाई नै काखी च्यापेको थियो । प्रचारमा कम प्राथमिकता पाएको भए पनि फिल्म सफलताको 'श्रेय' उनलाई केकी र प्रकाश बराबर नै मिलेको छ । ७ वर्षदेखि फिल्मको असफलतासँग जुधिरहेकी वर्षाका लागि 'परदेशी २' सञ्जीवनी बुटी बनेको छ ।

रोचक कुरा के छ भने उनको विशेष भूमिका रहेको फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन'ले पनि व्यावसायिक सफलता पाइसकेको छ । अर्थात् यस वर्ष उनलाई दुवै हातमा लड्डूझैं भएको छ । अब उनको पाइपलाइनमा लक्ष्मण रिजालको निर्देशनमा बन्न लागेको फिल्म 'काजी' छ । यसमा उनको जोडी अभिनेता विपिन कार्कीसँग बाँधिनेछ । योबाहेक वर्षाले अरु फिल्म सम्झौता गरेकी छैनन् ।

# 'दुई कदम' को शीर्ष गीतमा रोमान्टिक इओन र सिमोन



काठमाण्डु । उदय सुब्बा निर्देशित फिल्म 'दुई कदम'को शीर्ष गीत सार्वजनिक गरिएको छ । रोमान्टिक भावको गीतमा अभिनेता इओन लिम्बु र अभिनेत्री सिमोन गिरी फिचर्ड छन् । प्रविसा अधिकारी र सिडी विजय अधिकारीको स्वर रहेको गीतमा डिपी खनालको शब्द रचना तथा तारा प्रकाश लिम्बुको संगीत छ । रामजी लामिछानेको नृत्य निर्देशन रहेको यो गीत पर्यटकीय क्षेत्र मुस्ताङमा खिचिएको हो ।

आगामी मंसिर २९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा इओन र सिमोनसँगै सुनिल थापा, कविता आले, सुरवीर पन्डित, प्रेम सुब्बा, गौरव पहारी, बुद्धि तामाङ, अर्जुन गुरुङ, विमला लिम्बु, जिवन लिम्बु, चन्दा दाहाल र प्रितिका शर्माको पनि अभिनय छ । फिल्मको एक गीतमा अभिनेता विल्सन विक्रम राईले नृत्य गरेका छन् । फिल्ममा दयाराम घिमिरेको कथा तथा पटकथा लेखन छ ।

अजम्बरी फिल्म्सको प्रस्तुति रहेको फिल्ममा तारादेवी लिम्बुको लगानी छ भने विक्रम डिसीको छायांकन, तारा प्रकाशसँगै विकास चौधरीको संगीत, राजु किराँतीको द्वन्द्व निर्देशन र प्रविन ढकालको सम्पादन छ । निर्देशक सुब्बाले फिल्मले नेपाली समाजको कथा बोल्ने दाबी गरेका छन् । फिल्मलाई काठमाडौं उपत्यकामा रिच इन्टरटेनमेन्ट र उपत्यकाबाहिर एफडी कम्पनीले वितरण गर्दैछ ।

# 'दिमाग खराब' मा 'डिरेक्टर्स एक्टर' भएर काम गरैं : खगेन्द्र



काठमाण्डु । अभिनय र लेखनमा अब्बल मानिएका खगेन्द्र लामिछानेका लागि यस वर्ष विशेष छ । यही दशैंमा उनको लेखन तथा निर्माण रहेको फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन' व्यावसायिक रुपमा सफल ठहरियो । अब उनको मुख्य भूमिका रहेको फिल्म 'दिमाग खराब' तिहारको अवसर पारेर कात्तिक २४ गतेबाट प्रदर्शन हुँदैछ । यो फिल्म पनि सफल भैदिए उनका लागि यस वर्ष यादगार रहनेछ ।

'दिमाग खराब'को छायांकन सुरु हुँदाखेरि उनलाई 'भष्मे डन'को छायांकनको चटारो थियो । यसैले उनले फिल्मको चरित्रका लागि तयारी गर्न पाएनन् । यद्यपि, उनी स्क्रिप्ट 'रि-राइट'मा भने सँगै थिए । उनी निर्देशक निश्चल बस्नेतमा समर्पित भएर आफूले फिल्ममा काम गरेको बताउँछन् । यो फिल्ममा आफूले 'डिरेक्टर्स एक्टर' (निर्देशकको कलाकार)को रुपमा काम गरेको उनको भनाई छ ।

बिहीबार एक भेटमा खगेन्द्रले भने- 'मेरो निर्माण रहेको 'पशुपति प्रसाद २'को छायांकन चलिरहँदा 'दिमाग खराब'को छायांकन सुरु भएको थियो । फिल्मको स्क्रिप्ट 'रि-राइट'को चरणमा भने म पनि संलग्न रहेको थिए । निश्चलसँग मैले पहिला पनि फिल्म 'टलकजंग भर्सेस टुल्के'मा काम गरेको हुँ । त्यसले गर्दा मलाई ऊप्रति पूर्ण विश्वास थियो । मैले सानो गल्ती गरैं भने पनि उसले समातिहाल्छ ।'

फिल्मको चरित्रमा तयारी गर्न समय नभ्याएको भए पनि निश्चलले आफूप्रति देखाएको विश्वासकै कारण फिल्ममा काम गरेको उनले बताए । 'मैले फिल्मको चरित्रको तयारीका लागि समय दिन पाएको थिइनँ । तर, निश्चलले मप्रति जुन विश्वास देखायो, त्यसपछि मैले 'तिमी मेरो निर्देशक हौं, म तिमीमै समर्पित हुन्छु' भनेर काम गरैं । यसमा मैले 'डिरेक्टर्स एक्टर' भएर काम गरेको छु,' उनले भने ।

हरेक कुरालाई सुक्ष्म रुपमा हेर्ने बानी थाहा भएकाले पनि निश्चलमा समर्पित हुन आफूलाई कुनै समस्या नभएको खगेन्द्रको अनुभव छ । 'मैलेभन्दा बढी त्यो क्यारेक्टर निश्चलले बुझेका थिए । यसैमा म उसमा समर्पित भएँ,' उनले भने, 'निश्चलले हरेक कुरालाई सुक्ष्म रुपमा हेर्ने बानी थाहा भएकाले उसमा समर्पित हुन समस्या भएन । र, मलाई निश्चलले फिल्म राम्रो बनाएको छ भन्नेमा विश्वास छ ।'

# कांग्रेस एक ढिक्का भएर अघि बढेको छ : सभापति देउवा

गलकोट । नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नेपाली कांग्रेस अहिलेको परिस्थितिमा एक ढिक्का भएर अघि बढेको बताउनुभएको छ । नेपाली कांग्रेस बागलुङले शुक्रबार आयोजना गरेको जिल्ला सम्मेलनलाई सम्बोधन गर्दै सभापति देउवाले कांग्रेसमा पहिलाजस्तो गुनासो नभएको भन्दै छिटफुट गुनासोलाई सम्बोधन गर्दै जाने उल्लेख गर्नुभयो ।



सभापति देउवाले नेपालको संविधान कार्यान्वयनकै चरणमा रहेको भन्दै आलोचना गर्न नहुने धारणा राख्नुभयो । "नेपालको संविधानको कार्यान्वयन र सङ्घीयताको विषयमा छिटफुट गुनासालाई हामीले स्वभाविक मानेका छौँ", सभापति देउवाले भन्नुभयो, "वर्तमान संविधान पूर्ण कार्यान्वयनमा जान्छ त्यसमा कुनै शङ्का गर्न पर्दैन । नेपालको संविधान उत्कृष्ट संविधान हो, यसको कार्यान्वयनमा आएका केही समस्या हामी समाधान गरेर अगाडि बढ्छौँ ।" देउवाले नेपाली कांग्रेस पुनः सङ्गठित र थप मजुबद हुँदै जिल्ला सम्मेलन आयोजना गर्नु सुखद् पक्ष रहेको बताउनुभयो । नेपाली कांग्रेसले वडादेखि जिल्ला सम्मेलनमार्फत कांग्रेस थप मजबुद हुने बताउँदै जिल्ला सम्मेलन आयोजना गर्ने बागलुङ कांग्रेसलाई धन्यवाद दिनुभयो । उहाँले पछिल्लो समय बागलुङमा मात्रै नभएर देशभर कांग्रेसप्रतिको जनलहर बढिरहेको दाबी गर्नुभयो । नेपाली कांग्रेस विकास र समृद्धिको पक्षमा सदैव रहने बताउँदै राजनीतिक प्रतिशोधका आधारमा कसैलाई गाली गर्न नहुने बताउनुभयो ।

देउवाले बागलुङमा नेपाली कांग्रेसले स्थानीय तह र प्रदेशसभामा पाएको सिटको खुलेर प्रशंसा गर्नुभएको थियो । सो अवसरमा सभापति देउवाले सहिद परिवार तथा ज्येष्ठ नागरिकलाई सम्मान गर्नुभएको थियो । जिल्ला सम्मेलनमा दुई हजार नेता तथा कार्यकर्ता सहभागी थिए ।

सो अवसरमा गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले लोकतन्त्र र गणतन्त्र स्थापनाका लागि नेपाली कांग्रेसले ठूलो योगदान गरेको बताउनुभयो । कांग्रेस पार्टीलाई बलियो बनाउन जनस्तरबाटै नेता, कार्यकर्ता लाग्नु पर्ने भन्दै नेताहरू पनि उत्तरदायी र जिम्मेवार बन्नुपर्नेमा जोड दिनुभयो ।

सो अवसरमा नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले संविधानको असल कार्यान्वयनमा अझै पनि केही समस्या रहेको बताउनुभयो । पूर्वगृहमन्त्री समेत रहनुभएका सिटौलाले मुलुक सङ्घीयसंरचनामागइसकेपछिप्रदेश र स्थानीय तहले केन्द्रीय सरकारकै मुख ताक्नुपर्ने अवस्था आउन नहुने धारणा राख्नुभयो । "संविधानले परिकल्पना गरेको सङ्घीयता संरचनाअनुसार स्वायत्त स्थानीय तह बनाउन कांग्रेसले निर्णायक भूमिका खेल्नु पर्छ", उहाँले भन्नुभयो । नेता सिटौलाले नेपाली कांग्रेसमा पुस्तान्तरण आवश्यकता रहेको समेत बताउनुभयो । रासस

# विकास आयोजनामा बाधा सिर्जना गर्ने कार्य मान्य हुँदैन : उपप्रधानमन्त्री खड्का

काठमाण्डु । उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले मुलुकको आर्थिक समृद्धिसँगै जनताको आकाङ्क्षा सम्बोधन गर्नका लागि काम गर्ने तौरतरिकामा परिवर्तन गर्नुपर्ने बताउनुभएको छ । रक्षा मन्त्रालयमा शुक्रबार आयोजित प्रथम त्रैमासिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकलाई सम्बोधन गर्दै उहाँले समस्यालाई चाङ लगाएर राख्नेभन्दा पनि तत्कालै समाधान गरेर जानुपर्ने बताउनुभयो ।



"जानीजानी, थाहा पाएर वा कसैका कारण मुलुकको प्रगतिको बाधक हामी सबै भएका छौँ, उन्नति, प्रगतिका लागि कानुनको प्रावधान देखाएर बाधा सिर्जना गर्ने कार्य मान्य हुँदैन", उपप्रधानमन्त्री खड्काले भन्नुभयो, "यसमा सुधार गर्न आवश्यक छ ।" उहाँले समस्या मात्र प्रस्तुत गर्ने नभई समस्याका कारण र समाधानको उपायसमेत प्रस्तुत गर्न निर्देशन दिनुभयो । "समस्याको कारण प्रष्टरूपमा आउनुपछ । विकास आयोजनामा देखिएका समस्या समाधान गर्न विकास समस्या समाधान समितिको बैठक नै कुर्ने परम्पराको अन्त्य गर्नुपर्छ", उहाँले भन्नुभयो ।

मुलुकको समृद्धिमा बाधा सिर्जना गर्ने ऐन कानुन संशोधन गर्न अध्यादेश ल्याइने उपप्रधानमन्त्री खड्काको भनाइ छ । मुलुकका साथै नेपाली सेनाको प्रतिष्ठासँग जोडिएको काठमाण्डु तराई मधेस द्रुत मार्ग निर्धारित मितिमा सम्पन्न गर्नुपर्नेमा जोड दिँदै उहाँले विसं २०८३ चैतसम्म निर्माण सम्पन गर्नेगरी काम गर्न निर्देशन दिनुभयो ।

"शुक्रबारको समस्या शुक्रबारै थाहा पाउने र समाधान गर्दै जानुपर्छ । यसका लागि कहीँकतै समय टार्ने अवस्था हुनुहुँदैन", उपप्रधानमन्त्री खड्काले भन्नुभयो । नेपाली सेनाले जिम्मा लिएको आयोजनालाई निर्धारित मितिमै सम्पन्न गर्न ठेकेदारलाई जिम्मेवार बनाउनुपर्नेमा जोड दिँदै उहाँले ठेकेदारले कुनै पनि बहानामा काम नगरेको अवस्थामा कडाईका साथ प्रस्तुत हुन निर्देशन दिनुभयो । "आयोजनाको गुणस्तरमा कमी हुन हुँदैन । गुणस्तरमा कुनै पनि हालतमा सम्झौता गर्न हुँदैन । नेपाली सेनाले लोभ । डर नराखी काम गर्नुपर्छ", उहाँले भन्नुभयो ।

राष्ट्रिय योजना आयोगका कार्यवाहक उपाध्यक्ष डा रामकुमार फुयाँलले मुलुकको आर्थिक समाजिक रुपान्तरणका लागि संरचनात्मक सुधार गर्नुपर्नेमा जोड दिँदै संरचनात्मक रुपान्तरणका लागि आयोग लागि परेको जानकारी दिनुभयो । एकद्वार प्रणालीबाट विकास आयोजनाका समस्या समाधान गर्ने गरी आयोगले गृहकार्य गरिरहेको उहाँको भनाइ छ ।

प्रधान सेनापति प्रभूराम शर्माले राष्ट्रिय गौरवका आयोजनामा देखिएका समस्या जतिसक्दो छिटो समाधान गर्नुपर्ने उल्लेख गर्दै त्यस्ता आयोजनालाई विशेष प्राथमिकता दिइनुपर्ने बताउनुभयो।नेपालीसेनालेसंविधान, ऐन र कानुनको परिधिभित्र रहेर तोकिएको जिम्मेवारी पूरा गर्दै आइरहेको जानकारी दिँदै उहाँले प्राप्त जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्न दत्तचित्त भएर लागिरहेको बताउनुभयो ।

सो अवसरमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव एकनारायण अर्यालले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका लागि विशेष कानून निर्माण गरिनुपर्ने बताउनुभयो । भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशव शर्माले राष्ट्रिय गौरवका आयोजनामा देखिएका समस्या समाधानका लागि विशेष राजनीतिक निर्णय गरेर जान उपयुक्त हुने बताउनुभयो । रासस

# जलवायु परिवर्तनको मुद्दामा यसपटक निवेदक होइन, दाबी प्रस्तुत गरौँः प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले जलवायु परिवर्तनका कारण नेपालले भोग्नुपरेको समस्याबाट समाधानका लागि यसपटक स्पष्टरूपमा दाबी पेश गर्नुपर्ने बताउनुभएको छ । प्रधानमन्त्रीले दाहालले भन्नुभयो, "जलवायुको मुद्दामा नेपालले महत्वपूर्ण पहल लिन सक्छ । यो मुद्दामा विश्वलाई नै हामीले नेतृत्व गर्ने गरी हामी प्रस्तुत हुनुपर्छ ।"

कोप-२८ मा नेपाल कसरी प्रस्तुत हुने भन्नेबारेमा प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रबार परराष्ट्र मन्त्रालय, वन तथा वातावरण मन्त्रालयलगायतका सचिवसँगको छलफलमा प्रधानमन्त्री दाहालले नेपालले यसपटक प्रभावकारी र सशक्तरूपमा दाबी पेश गर्नुपर्ने बताउनुभएको हो । सो बैठकमा कोप-२८ को तयारीबारे ब्रिफिङ र नेपालको तयारीबारे छलफल भएको थियो ।

प्रधानमन्त्री दाहालले भन्नुभयो, "यो मुद्दाको 'लिडर' हामी हो । हाम्रा कागजपत्र हामी लिडर भएर प्रस्तुत हुने खालका हुनुपर्छ । जलवायुमा असर गर्ने तपाईंहरू सजाय भोग्ने हामी ? तपाईंहरूले गरेको प्रतिबद्धता किन पूरा नगरेको भनेर विश्वसामू प्रस्तुत होऔँ । यसपटक निवेदक होइन, दाबी प्रस्तुत गर्ने गरी प्रस्तुति रहन्छ ।"

आगामी मङ्सिर ५ गते नेपालमा यसबारे सम्मेलनको आयोजना गरिने प्रधानमन्त्री दाहालले बताउनुभयो । उक्त सम्मेलनको निष्कर्षका साथ कोप-२८ मा प्रस्तुत हुने सरकारको तयारी छ । जलवायुका क्षेत्रमा आउने सहयोग सरकारमार्फत हुने कुरा दृढतापूर्वक राख्नुपर्ने प्रधानमन्त्री दाहालको भनाइ छ ।

जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि प्राप्त हुने विदेशी सहयोग र क्षतिपूर्ति सरकारी प्रणालीमा आउनुपर्ने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले यस विषयलाई पनि स्पष्टका साथ राख्नुपर्नेमा जोड दिनुभयो । छलफलमा परराष्ट्र मन्त्रालयका सचिव भरतराज पौड्याल, वन तथा वातावरण मन्त्रालयका सचिव दीपककुमार खराललगायतको सहभागिता थियो । रासस

# 'नागरिकको काम गर्न कसैको निर्देशन नकुर्नु'

काठमाण्डु । भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री रन्जिता श्रेष्ठ चौधरीले नागरिकको काम गर्न कसैको निर्देशन कुर्नु नपर्ने बताउनुभएको छ । गुठी संस्थानको ६०औँ वार्षिकोत्सवका अवसरमा आज आयोजित कार्यक्रममा उहाँले माथिको आदेश भन्दै कतिपय काममा अनियमितता गर्ने तथा नियम मिचेर काम गर्ने गरेको सुन्ने गरेको उल्लेख गर्दै त्यसो नगर्न निर्देशन दिनुभयो ।

"कानुनले दिएको अधिकार प्रयोग गरेर आम नागरिकको समस्या समाधान गर्न कसैको आदेश कुर्नु पर्दैन", मन्त्री चौधरीले भन्नुभयो, "यदी कसैले कसैको आदेशमा या गलत नियत राखेर जनताको काममा ढिलासुस्ती गर्छ वा माथिल्लो निकायको आदेश भन्दै कानुन विपरीत काम गर्छ भने त्यो कारवाहीको भागेदार हुन्छ ।" रासस

# नेपाललाई सघाउने विकास साझेदारको प्रतिबद्धता

काठमाण्डु । नेपालको विकासमा सक्रिय १६ विकास साझेदारले यहाँको सामाजिक-आर्थिक उन्नयनमा सघाउने प्रतिबद्धता व्यक्त गरेका छन् । हरित, उत्थानशील र समावेशी विकास (ग्रिड) बमोजिम उच्च प्राथमिकता प्राप्त लगानी र नीतिहरूको कार्यान्वयनमा नेपाललाई सहयोग गर्नका लागि वित्तीय तथा प्राविधिक सहायता एकीकृत एवं विस्तार गर्न विकास साझेदारहरू सहमत भएका छन् ।



विश्व बैंक र अन्य विकास साझेदारहरूको सहकार्यमा अर्थ मन्त्रालयद्वारा आयोजित उच्चस्तरीय कार्यक्रममा नेपालको ग्रिड रणनीतिक कार्ययोजना कार्यान्वयन गर्ने सम्बन्धमा एक संयुक्त वक्तव्यलाई अनुमोदन गरिएको छ । सरकार, विकास साझेदार, नागरिक समाज सङ्गठन, निजी क्षेत्रका सरोकारवाला र प्रबुद्ध वर्गहरूले समेत नेपालका ग्रिड प्राथमिकताहरूमा हुने वित्तीय लगानी र कार्यान्वयनलाई निरन्तरता दिन संस्थागत एवं क्षेत्रगत तहमा रहेर काम गर्ने पुनः प्रतिबद्धता व्यक्त गरेका हुन् ।

"नेपालमा हामीले आपतहरू सहन सक्ने, हाम्रो वातावरणको संरक्षण गर्ने र हाम्रा जनताको जीवनस्तर उकास्न सक्ने हरित, थप उत्थानशील र थप समावेशी अर्थतन्त्र निर्माण गर्ने दृष्टिकोणका रूपमा ग्रिडको अवधारणालाई मनन गरेका छौँ", अर्थमन्त्री डा प्रकाशशरण महतले भन्नुभयो, "विकास र रोजगारी सृजनालाई गति दिन, जीविकोपार्जनलाई बलियो बनाउन र दिगो रूपमा नेपाली जनताको समृद्धिलाई बढावा दिन नयाँ ग्रिड रणनीतिक कार्य योजना एक नीतिगत माध्यम हुन सक्छ ।" ग्रिड रणनीतिक कार्ययोजनाका लागि प्राप्त हुने बाह्य लगानीअन्तर्गत अनुदान र अन्य सहूलियतपूर्ण वित्तीय लगानीहरू जस्तै सहूलियतपूर्ण ऋण, र कार्बन वित्तजस्ता नवीनम वित्तीय लगानी रहेका छन् । बाह्य वित्तीय लगानी नेपालको सार्वजनिक बजेटको पूरकका रूपमा रहनेछ र यसले विदेशी र स्वदेशी निजी क्षेत्रको लगानीलाई समेत लाभान्वित गराउने लक्ष्य लिएको छ । ग्रिड रणनीतिक कार्ययोजनाले १० वटा प्राथमिकताप्राप्त कार्यहरू पहिचान गरेको छ । यसमा थप उत्थानशील पूर्वाधार, परिस्थितिकी प्रणाली, र खाद्य प्रणालीका लागि भूमि, जल र वनलाई अझ बढी उत्पानदशील, दिगो र एकीकृत रूपमा व्यवस्थापन गर्ने लक्ष्य लिइएको छ । सहरी विकासलाई हरित बनाउने, खानेपानी र सरसफाई विस्तार गर्ने, वायु प्रदूषण न्यूनीकरण र फोहोरमैला व्यवस्थापन गर्ने, नवीकरणीय ऊर्जालाई बढावा दिने, यातायातको दिगोपना र उत्थानशीलता अभिवृद्धि गर्ने विपद् जोखिम व्यवस्थापनलाई सुदृढ बनाउने र आघातप्रति थप उत्तरदायी बनाउन सामाजिक सुरक्षा एवं स्वास्थ्य प्रणाली अभिवृद्धि गर्ने विषयहरू समावेश छन् । विश्व बैंकको कार्यसञ्चालन प्रबन्ध निर्देशक अन्ना जेर्डले दिगो, उत्थानशील र समावेशी अर्थतन्त्रतर्फ रणनीतिक कदम चाल्न सहयोग गर्न पाएकोमा खुशी व्यक्त गर्नुभयो । रासस

# नागरिकको काम छिटो छरितो गर्नुपर्छ : मन्त्री श्रेष्ठ

काठमाण्डु । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री रन्जिता श्रेष्ठले कानुनबमोजिमको अधिकारप्रयोगगरेरआमनागरिकहरूको समस्या समाधान गर्न कर्मचारीलाई निर्देशन दिनुभएको छ ।

गुठी संस्थानको ६० औँ वार्षिकोत्सव समारोह शुभारम्भ गर्दै उहाँले नागरिकको काम छिटोछरितो गरी उनीहरूलाई सहज सेवा प्रदान गर्ने दायित्व कर्मचारीको भएको बताउनुभयो। कतिपय अनियमितताको कार्यमा कर्मचारी नियम मिचेर काम गर्ने गरेको गुनासो आएको बताउँदै उहाँले त्यस्तो कार्यमा कसैको संलग्नता पाइएमा कारबाही गर्ने प्रतिबद्धता जनाउनुभयो ।

मन्त्री श्रेष्ठले गलत नियत राखेर जनताको काममा ढिलासुस्ती गर्ने अथवा माथिल्लो निकायको आदेश भनेर कानुन विपरीत काम गर्ने कर्मचारी कारवाहीको भागेदार हुने उल्लेख गर्नुभयो । संस्थानमा कतिपय ऐन कानुनको अभावका कारण जटिलता देखिएको चर्चा गर्दै उहाँले त्यसको समाधानका निम्ति आफूले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

गुठीका जग्गा अतिक्रमणका घटना बढ्दै गएकाले त्यसलाई नियन्त्रण तथा नियमन गर्नुपर्नेमा जोड दिँदै मन्त्री श्रेष्ठले भन्नुभयो, "कतिपय ऐन कानुनका साथै कर्मचारी अभाव छ, ती समस्या समाधान गर्न हामी छिट्टै ऐन संसद्मा पेस गर्ने तयारीमा छौँ ।"रासस


SUPPORT NEPAL

## सपोर्ट नेपाल

जनकपुरधाम-८, धनुषा

## शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः२०८०/०७/१८

बोलपत्र नं ०१/२०८०/०८१

सपोर्ट नेपाल (Support Nepal) द्वारा संचालित Plan International Nepal को आर्थिक सहयोग धनुषा जिल्लामा "Girls Standing Strong Project (GSS)" सञ्चालन गर्ने शिलशिलामा र सोही परियोजना अर्न्तगत यस कार्यलयमा उपकरण तथा फर्निचर सामाग्रीहरु खरिद गर्न आवश्यक देखिएको हुनाले तल उल्लेखित शर्त तथा अधिनमा रही आपूर्ति गर्न आवश्यक मापदण्ड पुरा गरेका इच्छुक आपूर्तिकर्ताहरु तथा बिक्रेताहरुवाट रित पूर्वक तोकिएको गुणस्तर र मापदण्डका सामाग्री खरिदका लागि शिलबन्दी बोलपत्र आवहानका लागि प्रथम पटक ७ दिने सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | सामाग्रको विवरण | आवश्यक परीमाण | बोलपत्र पेश गर्ने तरिका |
|---|---|---|---|
| १ | Laptop | 4 Nos | बोलपत्रको प्रस्तावनाको सक्कलकपी पेश गर्ने |
| २ | Printer | 1 Nos | बोलपत्रको प्रस्तावनाको सक्कलकपी पेश गर्ने |
| ३ | Camera DSLR | 1 Nos | बोलपत्रको प्रस्तावनाको सक्कलकपी पेश गर्ने |
| ४ | Projector | 1 Nos | बोलपत्रको प्रस्तावनाको सक्कलकपी पेश गर्ने |
| ५ | Water Dispenser (Hot Cold & Normal Water Dispenser) | 1Nos | बोलपत्रको प्रस्तावनाको सक्कलकपी पेश गर्ने |
| ६ | Hard Disk 1TB | 1Nos | बोलपत्रको प्रस्तावनाको सक्कलकपी पेश गर्ने |
| ७ | Inverter Set | 1Nos | बोलपत्रको प्रस्तावनाको सक्कलकपी पेश गर्ने |
| ८ | Stand Fan | 2 Nos | बोलपत्रको प्रस्तावनाको सक्कलकपी पेश गर्ने |
| ९ | Heater | 2 Nos | बोलपत्रको प्रस्तावनाको सक्कलकपी पेश गर्ने |
| १० | Motor Bike - 150 CC | 1 Nos | बोलपत्रको प्रस्तावनाको सक्कलकपी पेश गर्ने |
| ११ | Scooter 125CC | 1Nos | बोलपत्रको प्रस्तावनाको सक्कलकपी पेश गर्ने |
| १२ | Office Working Table(Steel Table) | 4 Nos | बोलपत्रको प्रस्तावनाको सक्कलकपी पेश गर्ने |
| १३ | Office cub board(Steel) | 1 Nos | बोलपत्रको प्रस्तावनाको सक्कलकपी पेश गर्ने |
| १४ | Office Revolving Chair | 4 Nos | बोलपत्रको प्रस्तावनाको सक्कलकपी पेश गर्ने |
| १५ | Meeting Chair(Plastic) | 12 Nos | बोलपत्रको प्रस्तावनाको सक्कलकपी पेश गर्ने |

१. यो सूचना प्रथम पटक प्रकाशन गरेको मितिले ७ दिन भित्र ईच्छुक ईजाजत प्राप्त आपूर्तिकर्ता तथा बिक्रेताले निम्न बमोजिमका कागजात सहित आवेदन पेश गर्न सकिनेछ ।

(क) फर्म दर्ता प्रमाण पत्रको प्रतिालिपी-१ थान अध्यावधि भएको, (ख) पान वा मू.अ.कर दर्ता प्रमाण पत्रका प्रतिलिपी-१ थान, (ग) आ.व. २०७८।०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व. २०७९।०८० को म्याद थपको प्रमाण पत्रको प्रतिलिपी १ थान, (घ) बोलपत्र कबोल रकमको २.५ प्रतिशतले हुन आउने रकम सपोर्ट नेपालको जनकपुर शाखाको एभरेष्ट बैंकको खाता नम्बर. ०१३००५०१२०२९४८ मा जम्मा गरी सो को सक्कल भौचर वा सो रकम बराबरको बैंक ग्याराण्टी, (ङ) व्यसायको प्रकृति थप भएको खण्डमा व्यवसाय आपूर्ति गर्ने प्रवन्धपत्रको प्रतिलिपी समेत संस्थामा जम्मा गरी बोलपत्र सम्बन्धी आवेदन पेश गर्न सकिनेछ । बोलपत्र खरीद गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा बोलपत्र खरीद गर्ने र पेश गर्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा बोलपत्रको मान्य अवधि भने साविक कै मिति देखि गणना गरिने छ ।

२. बोलपत्र सम्बन्धि फारम र कागजात यस संस्थाको कार्यालय जनकपुरधाम-८, धनुषाबाट तथा संस्थाको ईमेलमा सम्पर्क गरि प्राप्त गर्न सकिनेछ ।

३. बोलपत्र सम्बन्धि कागजात रीतपूर्वक भरी प्रत्येक पानामा सही छाप गरी शिलबन्दी गरी संस्थाको कार्यालयमा मिति २०८०।०७।२४ गते बेलुकी ४ः०० बजे भित्र बुझाउनु पर्नेछ ।

४. शिलबन्दी दरभाउपत्रमा दररेट स्पष्ट लेखिएको हुनुपर्नेछ केरमेट वा टिपेक्स अंक मान्य हुने छैन ।

५. बोलपत्र खोलिने तथा निर्णय गर्ने अधिकार संस्थाको खरिद समितिमा निहित रहनेछ । कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा नगर्ने सम्पूर्णअधिकार खरिद समितिमा निहित रहनेछ ।

६. बोलपत्र खोल्ने मिती २०८० मंसिर ०५ गते मंगलवार विहान ११ः०० बजे यस सपोर्ट नेपालको कार्यालय जनकरपुरधाम -८, जनकपुर (धनुषा) मा खोलिनेछ । साथै बोलपत्र खोल्ने समय पेश गरीएका फर्म/सप्लार्यसका प्रतिनिधिहरुलाई सो समयमा प्रत्यक्ष उपस्थिति हुनका लागि अनुरोध गरिन्छ ।

७. बोलपत्र सम्बन्धि थप अन्य कुनै जानकारी आवश्यक भएमा यस संस्थाको आर्थिक प्रशासन शाखामा वा संस्थाको supnep.jnk@gmail.com ईमेलबाट जानकारी मिती २०८० कार्तिक २३ गते सम्म मात्र प्राप्त गर्न सकिनेछ ।

८. यस सूचनामा उल्लेख गरिएका शर्तहरू यसै सूचना बमोजिम र अन्य आवश्यक कुराहरूको हकमा यसै संस्थाको नियम तथा आर्थिक प्रशासन तथा खरिद नियमावलि २०२० तथा प्रचलित कानून वमोजिम हुनेछ ।

**विस्तृत जानकारीको लागि तथा प्रस्तावना पेश गर्नका लागि सम्पर्क ठेगाना**

**सपोर्ट नेपाल (Support Nepal)**

कार्यालय जनकपुरधाम उपमहानगरपालिका-८, (धनुषा)

रामानन्दचोक, जानकी आँखा अस्पतालको पश्चिमपट्टी

सम्पर्क नं :०४१-५२७२०४

Email-ID: supnep.jnk@gmail.com

# अस्ट्रेलियाली प्रधानमन्त्री अल्बानिज चीन भ्रमणमा

**एएफपी**

सिड्नी। अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिज ऐतिहासिक भ्रमणका क्रममा चीन प्रस्थान गर्नुभएको छ। यो भ्रमण ठूलो व्यापारिक र रणनीतिक प्रतिद्वन्द्वी चीनसँग चिसो सम्बन्ध पग्लिएको सङ्केत हो । उहाँको बेइजिङ र साङ्घाईको चार दिने भ्रमण सात वर्षमा कुनै पनि अस्ट्रेलियाली नेताको पहिलो भ्रमण हो।



अर्बौं डलरको व्यापारिक नोक्सान हुनेगरी कूटनीतिक कूटनीतिक विघटन भएपछि दुई मुलुकबीचको सम्बन्ध सदृढ स्थितिमा रहेको छ भन्ने रूपमा यो भ्रमणलाई हेरिएको छ। गत वर्षको मे महिनाको निर्वाचनपछि अल्बानिज सरकारले प्रशान्त क्षेत्रमा बेइजिङको बढ्दो प्रभावको सामना गर्दै आफ्नो मुलुकको सबैभन्दा ठूलो व्यापारिक साझेदारसँग मित्रतापूर्ण सम्बन्ध बनाउने प्रयासमा चीनसँग दोहोरो रणनीति अपनाएको छ। अघिल्लो सरकारले फाइभ जी प्रविधिको हुआवेईमाथि प्रतिबन्ध लगाउने र कोभिड-१९ को उत्पत्तिको अनुसन्धान गर्ने आह्वान गरेपछि आक्रोशित चीनले सन् २०२० मा अस्ट्रेलियाली सामानहरूमा दण्डात्मक भन्सार शुल्क लगाएको थियो । तर अस्ट्रेलियाको नयाँ सरकारअन्तर्गत स्वरमा परिवर्तनसँगै तीमध्ये अधिकांश अवरोधहरू हटाइयो । "चीन-अस्ट्रेलिया सम्बन्ध अब स्थापना हुने र पुनः सुरु हुने महत्वपूर्ण मोडमा छ", अस्ट्रेलियामा चीनका राजदूत जिओ कियानले प्रधानमन्त्री अल्बानिजको भ्रमणअघि एक लेखमा भन्नुभयो । उहाँले 'दुवै पक्षको अथक प्रयास' बाट चिनियाँ बजारमा अस्ट्रेलियाली कोइला, काठ र जौको निर्यात पुनः सुरु भएकामा सराहना व्यक्त गर्नुभयो ।

चीनले पाँच महिनाको समीक्षापछि वाइनमाथि लगाइएको भन्सार शुल्क दरलाई पनि हटाउने सङ्केत दिएको छ। चीनले अहिले पनि आयातमाथि रोक लगाइएका केही उत्पादनमा वाइन पनि एक थियो । चीनसँग सहज कूटनीतिक र व्यापारिक सम्बन्ध सुरु भए पनि दुवै मुलुक रणनीतिकरूपमा एकजुट नभएको प्रधानमन्त्री अल्बानिजले स्पष्ट गर्नुभएको छ। गत महिना वासिङ्टन भ्रमणका क्रममा उहाँले भन्नुभयो, "यो विषयमा मेरो स्पष्ट भनाइ छ, हामी भिन्न इतिहास, मूल्य र राजनीतिक प्रणाली भएका दुई मुलुक हौँ।"

चीनले स्वयंलाई 'यथास्थिति' को पक्षमा एक शक्तिका रूपमा नहेरेको भन्दै उहाँले भन्नुभयो, "ऊ आफ्नो रुचिको मूल्यहरूप्रति अधिक अनुकूल हुने क्षेत्र चाहन्छ।" अन्तर्राष्ट्रिय नियममा आधारित व्यवस्थाबाट लाभान्वित हुने प्रत्येक मुलुकको जिम्मेबारी भनेको उसले यसको रक्षाका लागि मिलेर काम गर्नुपर्छ भन्दै प्रधानमन्त्री अल्बानिजले प्रत्येक मुलुकलाई आफ्नो भाग्य चयन गर्ने अधिकारको रक्षा गर्न र मानवअधिकारलाई कायम राख्न आह्वान गर्नुभयो।

## विषाक्त धुवाँका कारण नयाँदिल्लीमा विद्यालय बन्द

**एएफपी**

नयाँदिल्ली। विषाक्त धुवाँका कारण भारतको राजधानी नयाँदिल्लीमा शुक्रबार विद्यालय बन्द गरिएको छ। विषाक्त धुवाँले नयाँदिल्लीका तीन करोड बासिन्दाको जीवन कष्टपूर्ण बनेको छ। किसानले जलाएको परालको धुवाँ, सवारी साधनबाट निस्कने धुवाँ र कारखानाको उत्सर्जनले हरेक जाडोयाममा राजधानी नयाँदिल्लीलाई घातक धुवाँले ढाक्छ।

अनुगमन गर्ने संस्था आइक्यूएयरका अनुसार शुक्रबार सबैभन्दा खतरनाक पिएम२.५ कणहरूको स्तर विश्व स्वास्थ्य सङ्गठनले सिफारिस गरेकोभन्दा दैनिक ३५ गुणा अधिक थियो। पिएम२.५ कण रक्त प्रवाहमा प्रवेश गर्नसक्ने अति सानो कण हो। नयाँदिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले बिहीबार राजधानीका सबै प्राथमिक विद्यालय कम्तीमा दुई दिनका लागि बन्द रहने घोषणा गर्नुभएको थियो।

## न्युजिल्यान्डका प्रधानमन्त्रीले तीन-दलीय गठबन्धन सरकार बनाउने

**एएफपी**

वेलिङ्टन। शुक्रबार अन्तिम चुनावी परिणाममा पूर्ण बहुमत हासिल गर्न असफल भएपछि न्युजिल्यान्डमा नयाँ प्रधानमन्त्री क्रिस्टोफर लक्सनले तीन-दलीय गठबन्धन सरकार बनाउने बताउनुभएको छ।

लक्सनको नेसनल पार्टीले गत महिना भएको निर्वाचनमा कूल एक सय २३ सिटमा ४८ सिट हासिल गरेपछि उहाँलाई सरकार बनाउन अन्य पार्टीको समर्थन आवश्यक परेको छ।

एयरलाइन्सका पूर्वकार्यकारी ५३ वर्षीय लक्सनले उदारवादी एसिटी र लोकप्रिय न्युजिल्यान्ड फर्स्ट पार्टीसँग सरकार गठनका लागि शनिबार र आइतबार वार्ता हुने जानकारी दिनुभयो।

"अन्तिम स्पष्टता हुनु राम्रो हो, अब हामी तीव्रता प्राप्त गर्न सक्छौँ", गठबन्धन सम्झौतामा समय सीमा तोक्न अस्वीकार गर्दै वेलिङ्टनस्थित संसद्मा पत्रकारहरूसँग लक्सनले भन्नुभयो, "हामी दुवै पार्टीसँग रचनात्मकरूपमा काम गर्नेछौँ, हामी एकसाथ आउनेछौँ र एउटा बलियो र स्थिर सरकार बनाउनेछौँ।"

नोभेम्बरमा सान फ्रासिस्कोमा एसिया-प्रशान्त क्षेत्रका प्रमुख नेताहरूको शिखर सम्मेलन सुरु हुनुअघि न्युजिल्यान्डमा सरकार बन्न सक्छ वा सक्दैन भन्ने स्पष्ट छैन। सरकार गठन गरेको पहिलो एक सय दिनमा नेसनल पार्टीले स्कुलमा सेलफोनमाथि प्रतिबन्ध, अपराध नियन्त्रण र योजनाबद्ध इन्धनमा कर वृद्धि खारेजजस्ता परिवर्तन गर्ने वाचा गरेको छ।

न्युजिल्यान्डका मतदाताहरूले अक्टोबर १४ मा भएको निर्वाचनमा मध्य-वामपन्थी लेबर सरकारको छ वर्षको शासनलाई अन्त्य गरेका छन्। जनवरीमा जसिन्डा अर्डर्नको स्थानमा प्रधानमन्त्री बन्नुभएका क्रिस हिपकिन्सले मतदान सकिएको केही घन्टापछि पराजय स्वीकार गर्नुभएको छ।

## दूतावास बन्द गर्नु 'नियमित मामिला' हो- उत्तर कोरिया

**एएफपी**

सोल। उत्तर कोरियाले दूतावास बन्द गर्ने हालैको शृङ्खला आफ्नो बाह्य सम्बन्ध सुधार गर्नका लागि 'नियमित मामिला' भएको बताएको छ । दक्षिण कोरियाले आर्थिक सङ्कटका कारण दूतावास बन्द गरेको दावी गरेपछि उत्तर कोरियाको उक्त भनाइ आएको हो।

सरकारी सञ्चारमाध्यम र स्थानीय अधिकारीहरूका अनुसार गत साता प्योङ्याङले अफ्रिकी सहयोगी अङ्गोला र युगान्डामा आफ्नो दूतावास बन्द गरेको छ। त्यस्तै हङकङ र स्पेनमा पनि कूटनीतिक नियोगहरू बन्द गरेको छ । यसै साता आफ्ना दूतावास बन्द गर्ने उत्तर कोरियाको कदमले उसको गम्भीर आर्थिक अवस्थालाई चित्रण गरेको छ भन्दै सोलले उत्तर कोरियालाई आफ्ना परम्परागत सहयोगीहरूसँग न्यूनतम कूटनीतिक सम्बन्ध कायम राख्न पनि गाह्रो भएको बताएको छ।

तर शुक्रबार प्योङ्याङको विदेश मन्त्रालयको वेबसाइटमा पोस्ट गरिएको टिप्पणीमा मन्त्रालयका एक अनाम प्रवक्ताले 'बाह्य सम्बन्धमा आफ्नो राष्ट्रिय हितलाई प्रवर्द्धन गर्नका लागि दूतावास बन्द गर्नु नियमित मामिलाको हिस्सा' भएको बताएका छन्।

## इरानमा लागुऔषध पुनःस्थापना केन्द्रमा आगलागी, २७ को मृत्यु

**एएफपी**

तेहरान। उत्तरी इरानमा शुक्रबार एक लागुऔषध पुनःस्थापना केन्द्रमा भएको भीषण आगलागीमा कम्तीमा २७ जनाको मृत्यु भएको त्यहाँको न्यायपालिकाले जनाएको छ । "लङ्गारुडमा लागुऔषध पुनःस्थापना केन्द्रमा आगो लाग्दा २७ जनाको मृत्यु भएको छ र १२ जनालाई अस्पताल पुर्याइएको छ", तेहरानबाट उत्तरमा गिलान प्रान्तको लङ्गारुड सहरको न्यायपालिकाको मिजान अनलाइन समाचार वेबाइटले प्रान्तीय मुख्यन्यायाधीश इस्माइल सादेघीलाई उद्धृत गर्दै भनेको छ।

आगलागीको कारण तत्काल थाहा नभए पनि सादेघीले अनुसन्धान जारी रहेको बताउनुभयो। केन्द्रमा ४० जनासम्म अटाउन सक्ने मिजानले बताएको छ। स्थानीय आइएसएनए समाचार एजेन्सीले आगलागीको फुटेज सार्वजनिक गरेको छ जसमा रातिको समयमा आगोले आकाश उज्यालो भएको र धुवाँको मुस्लो देखिन्छ।

अन्य तस्बिरमा आगो निभाएपछि व्यापक क्षति भएका स्थलहरू देखाइएको छ। अगस्टमा तेहरानको ग्र्यान्ड बजारमा आगलागी हुँदा कयौं पसल जले पनि कुनै मानवीय क्षति भएको थिएन।

# १० वर्षपछि नेपाल टी-२० विश्वकपमा

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाल आगामी वर्ष अमेरिका र वेस्ट इन्डिजमा हुने आइसिसी टी-२० विश्वकप २०२४ का लागि छनोट भएको छ। आइसिसी टी-२० विश्वकप एसिया छनोटको सेमिफाइनलमा जित निकालेर फाइनलमा पुगेसँगै नेपाल १० वर्षपछि टी-२० विश्वकपमा छनोट भएको हो। शुक्रबार मुलपानी मैदानमा भएको सेमिफाइनल भिडन्तमा नेपालले युएईमाथि ८ विकेटको सानदार जित निकाल्यो ।



युएईले दिएको १३५ रनको लक्ष्य नेपालले १७.१ ओभरमा २ विकेटको क्षतिमा पूरा गऱ्यो। नेपालको जितमा आसिफ शेखले अर्धशतक प्रहार गरे। आसिफले नटआउट ६३ रन बनाए। उनले ५० बलमा ६ चौका र २ छक्का हिर्काए। रोहित पौडेलले २० बलमा नटआउट ३५ रन बनाए। दुईबीच नटआउट ६८ रनको साझेदारी हुँदा नेपालले सहज जित निकाल्न सफल भएको हो।

ओपनर कुशल भुर्तेल ११ रन बनाएर आउट भए। उनी तेस्रो ओभरको अन्तिम बलमा निलान्स केस्वानीको बलमा मोहमद वासीमबाट क्याच भए। कुशलले आउट हुनुअघि २ चौका हिर्काए। गुल्सन झा दशौं ओभरमा बासिल हमीदबाट २२ रनमा बोल्ड भए। उनले आउट हुनुअघि २४ बलमा ३ चौका प्रहार गरे।

त्यसअघि शुक्रबार विहान टस जितेर पहिले ब्याटिङ गरेको युएईले ९ विकेटको क्षतिमा १३४ रन जोड्यो। युएईका लागि वृत्य अरविन्दले अर्धशतक प्रहार गरे। अन्तिम ओभरको पहिलो बलमा कुशल मल्लबाट क्याचआउट हुनुअघि उनले ५१ बलमा ८ चौका र २ छक्का प्रहार गर्दै ६४ रन बनाए। आक्रामक सुरुवात गरेको युएईविरुद्ध नेपालले चौथो औभरमा दुई विकेट लिएको थियो। चौथो ओभरको पहिलो बलमा सोमपाल कामीले युएईका ओपनिङ ब्याटर खालिद शाहलाई ३ रनमा रनआउट गरेका छन्। सोमपालले सोही ओभरको चौथो बलमा मोहमद वासीमलाई २६ रनमा करण केसीबाट आउट गरे। वासीमले १६ बलमा ३ चौका र २ छक्का हिर्काए।

नेपालका लागि तेस्रो विकेट सन्दीप लामिछानेले लिए। सन्दीपले दशौं ओभरको आसिफ खानलाई १३ रनमा एलबिडब्लूको धरापमा परे। नेपालका लागि कुशल मल्लले १४औं ओभरमा चौथो विकेट लिए। उनले अलिशान सराफुलाई १६ रनमा सोमपाल कामीबाट आउट गरे। नेपालका लागि कप्तान रोहित पौडेलले पाँचौ विकेट लिए। उनले युएईका अली नासीरलाई ४ रनमा कुशल भुर्तेलबाट क्याच गराए। त्यतिबेला युएईले १५.५ ओभरमा ५ विकेटको क्षतिमा १०० रन जोडेको थियो।

सन्दीपले १८औं ओभरमा मेडन विकेट लिएका थिए। उनले सो ओभरमा बासील हमीदलाई १ रनमा आउट गरेपछि पाँचब लमा कुनै रन दिएनन्। बलिङमा नेपालका कुशल मल्लले ३ विकेट लिए। उनले अन्तिम ओभरमा २ विकेट लिएका थिए। कुशलले ३ ओभरमा ११ रन खर्चिए।

सन्दीप लामिछानेले २ विकेट लिए। सन्दीपले ४ ओभरमा १ मेडन राख्दा १४ रन मात्र खर्चिए। सन्दीपले १४ बल डट फ्याँकेका थिए।

### १० वर्षमा दोस्रो पटक विश्वकपमा नेपाल

नेपालले सन् २०१२ युएईमा भएको विश्व छनोट खेलेको थियो। त्यतिबेला नेपाल सातौं भएको थियो। नेपालले सन् २०१३ को विश्व छनोटमा भने उत्कृष्ट खेलेको थियो। जहाँ नेपाल तेस्रो हुँदै सन् २०१४ को टी-२० विश्वकप पुगेको थियो। जससँगै बंगलादेशमा भएको टी-२० विश्वकप २०१४ खेलेर नेपालले इतिहास बनाएको थियो। विश्वकप खेलेपछि नेपाली क्रिकेटको उचाइ बढ्दै गइरहेको छ।

सन् २०१५ को विश्व छनोटमा भने नेपालको प्रदर्शन राम्रो हुन सकेन। आयरल्यान्ड र स्कटल्यान्डमा भएको प्रतियोगितामा समूहको पुछारमा रहँदै बाहिरिएको थियो। सन् २०२१ मा युएईमा भएको विश्वकपका लागि २०१९ मा सिंगापुरमा एसिया छनोट खेल भएको थियो। जहाँ नेपालले खराव प्रदर्शन गर्दा सन् २०१२ पछि विश्व छनोट खेल्ने अवसर गुमाएको थियो।

सन् २०२२ मा अस्ट्रेलियामा भएको विश्वकपको छनोटमा पनि नेपाल सफल भएन। दुई वर्षअघि ओमानमा भएको छनोटमा नेपालले समूह चरणमा सहज जित हात पार्दै सेमिफाइनलमा स्थान बनाएको थियो। तर सेमिफाइनलमा जिते हात पारे विश्वकपमा पुग्ने खेलमा भने नेपाल असफल भयो।

फागुन २०७८ मा ओमानमा भएको सेमिफाइनलमा नेपाल युएईसँग ६८ रनले पराजित हुँदा ८ वर्षपछि विश्वकप खेल्ने सपना चकनाचुर भएको थियो। नेपालले सन् २०२४ को विश्वकपमा छनोट हुन यसपटक लागि चार टिम सम्मिलित समूहमा सुरूमा शीर्ष दुईमा पऱ्यो। घरेलु मैदानमा भएको सेमिफाइनलमा युएईलाई पराजित गर्दै नेपाल विश्वकपमा छनोट भयो। यससँगै नेपालले १० वर्षमा दोस्रो पटक विश्वकप खेल्न लागेको हो।

### पहिलो पटक टी-२० विश्वकपमा २० टिम

अमेरिका र वेस्ट इन्डिजले आइसिसी टी-२० विश्वकप २०२४ संयुक्तरूपमा आयोजना गर्दैछन्। पहिलो पटक उत्तर अमेरिका क्षेत्रमा हुन लागेको टी-२० विश्वकपमा २० टिमले सहभागिता जाउँदैछन्। सन् २०२४ को टी-२० विश्वकपमा १२ टिम सिधै छनोट भएका छन् भने ८ टिमले क्षेत्रीय छनोट चरण पार गर्दैछन्।

गत वर्षको अक्टोबर-नोभेम्बरमा अस्ट्रेलियामा भएको टी-२० विश्वकपको शीर्ष ८ टिम २०२४ को विश्वकपका लागि सिधा छनोट भइसकेका छन्। जसमा अस्ट्रेलिया, इंग्ल्यान्ड, भारत, नेदरल्यान्ड्स, न्युजिल्यान्ड, पाकिस्तान, दक्षिण अफ्रिका र श्रीलंकाले शीर्ष आठमा परेर २०२४ को विश्वकपका लागि स्थान पक्का गरिसककेका छन्।

अमेरिका र वेस्ट इन्डिज आयोजकको हैसियतमा छनोट भइसकेका छन्। अमेरिकाले पहिलो टी-२० विश्वकप खेल्दैछ। १४ नोभेम्बर २०२२ सम्मको विश्व वरीयतालाई अर्को छनोटको आधार मानिएको थियो। जसबाट अफगानिस्तान र बंगलादेशले टी-२० विश्वकपमा स्थान बनाइसकेका छन्।

**सिधा छनोट भएका १२ टिम**

टी-२० विश्वकप २०२२ को शीर्ष ८ टिमः अस्ट्रेलिया, इंग्ल्यान्ड, भारत, नेदरल्यान्ड्स, न्युजिल्यान्ड, पाकिस्तान, दक्षिण अफ्रिका र श्रीलंका

**आयोजकः अमेरिका र वेस्ट इन्डिज गरी २ टिम**

आइसिसी विश्व वरीयताका २ टिमः अफगानिस्तान र बंगलादेश

**जम्मा १२ टिम**

***क्षेत्रीय छनोटबाट ८ टिम***

*अफ्रिका – २ टिम*

*अमेरिका – १ टिम (क्यानडा)*

*एसिया – २ टिम (नेपाल र ओमान)*

*इस्ट एसिया प्यासेफिक – १ टिम (पपुवा न्युगिनी)*

*युरोप – २ टिम (आयरल्यान्ड र स्कटल्यान्ड)*

*जम्मा – ८ टिम*

# ओमान विश्वकपमा छनोट

काठमाण्डु । ओमान सन् २०२४ मा अमेरिका र वेस्ट इन्डिजमा हुने आईसिसी मेन्स टी-२० विश्वकपमा छनोट भएको छ । शुक्रबार कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको अन्तर र्राष्ट्रिय क्रिकेट मैदानमा भएको पहिलो सेमिफाइनलमा बहराइलाई १० विकेटले पराजित गर्दै ओमान विश्वकपमा छनोट भएको हो।



बहराइनले दिएको एक सय सात रनको लक्ष्य ओमानले १४ दशमलव एक ओभरमा पूरा गऱ्यो । ओमानको जीतमा कश्यप प्रजापतिले सर्वाधिक ५७ रन बनाए। उनले ४४ बलमा दुई छक्का र छ चौका प्रहार गरे। साथै प्रतीक अथावेलले ४१ बलमा एक छक्का र चार चौकासहित ४८ रन बनाए । ओमानले फाइनल नेपाल र यूएईबीच अहिले भइरहेको खेलको विजेतासँग खेल्नेछ। फाइनलमा पुग्दै दुवै टोली विश्वकपमा छनोट हुनेछन् । यसअघि बहराइनले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा एक सय छ रन मात्रै बनाउन सक्यो। उसका लागि इमरान अलीले ३०, अहमर बिन निसारले २६ र सर्फराज अलीले २३ रन बनाए।

ओमानका लागि अक्वि इलायसले चार विकेट लिए भने सकिल अहमदले दुई विकेट लिए। साथै फयाज बट र जीसान मक्सुदले एक/एक विकेट लिए । जारी प्रतियोगिताको दोस्रो सेमिफाइनल खेल अहिले माथिल्लो मुलपानी क्रिकेट मैदानमा नेपाल र यूएईबीच जारी छ। रासस

## एर्दोगानद्वारा गाजामा 'मानवताविरुद्धको अपराध' रोक्न युद्धविरामको माग

**एएफपी**

कजाकसतान । टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले गाजामा 'मानवताविरुद्धको अपराध' भइरहेको भन्दै इजरायल र हमासबीच तत्काल युद्धविराम गर्न आह्वान गर्नुभएको छ।

इजरायलसँगको युद्धको सामना गरिरहेका प्यालेस्टिनीहरूप्रति एर्दोगानले कडा समर्थन गर्दै जनाउँदै आउनुभएको छ । अक्टोबर ७ मा युद्ध सुरु भएदेखि नै आफूलाई मध्यस्थकर्ताको रूपमा प्रस्तुत गर्नुभएको छ।

कजाकिस्तानको राजधानी अस्तानामा आयोजित तुर्क भाषी राष्ट्रहरूको शिखर सम्मेलनलाई सम्बोधन गर्दै एर्दोगानले भन्नुभयो, "अक्टोबर ७ देखि हामीले देखेको क्रूरताको व्याख्या गर्न वा क्षमा गर्न सक्ने कुनै अवधारणा छैन।"

उहाँले भन्नुभयो, "स्पष्ट शब्दमा भन्नुपर्दा गाजामा २८ दिनदेखि मानवताविरुद्धको अपराध भइरहेको छ।" "हाम्रो प्राथमिकता मानवीय युद्धविराम चाँडै स्थापित गर्नु हो," उहाँले भन्नुभयो। "टर्कीले चाहे उनीहरू मुस्लिम, इसाई वा यहूदी नै किन नहुन् सबैको सुरक्षाको सुनिश्चितता गर्नेछ र यसका लागि नयाँ संयन्त्र बनाउने काम गरिरहेको छ।

"अन्तर्राष्ट्रिय शान्ति सम्मेलनका लागि आधार तयार पार्ने हाम्रो प्रयास जारी छ," उहाँले भन्नुभयो। गत अक्टोबर ७ तारिखमा हमासका लडाकुहरू एक्कासी इजरायलमा प्रवेश गरी गरेको आक्रमणमा एक हजार ४०० जनाको मृत्यु भएको र २४० भन्दा बढीलाई अपहरण गरेको इजरायली अधिकारीहरूले बताएका छन्।

हमासद्वारा सञ्चालित गाजा पट्टीको स्वास्थ्य मन्त्रालयले प्यालेस्टिनी क्षेत्रमा भएको आक्रमणमा तीन हजार ७६० बालबालिकासहित नौ हजार ६१ जनाको मृत्यु भएको जनाएको छ।

इजरायलले नागरिकलाई निशाना नबनाएको र अक्टोबर ७ मा भएको आक्रमणका लागि जिम्मेवार हमास लडाकू समूहलाई परास्त गर्न प्रयास गरिरहेको बताएको छ।

## जर्मनीद्वारा हमासका गतिविधिमाथि पूर्ण प्रतिबन्ध लगाउने घोषणा

**एएनआई**

बर्लिन । जर्मनीले हमासका गतिविधिमाथि पूर्णरूपमा प्रतिबन्ध लगाउने घोषणा गरेको छ। जर्मनीले इजराइलविरोधी गतिविधि गर्ने तथा यहुदीविरोधी विचारहरु फैलाउने एउटा प्यालेस्टिन समर्थक समूहलाई विघटन गर्न आदेश दिएको पनि अल जजिराले बताएको छ।

जर्मनीका गृहमन्त्री न्यान्सी फेसरले बिहीबार हमास वा उसको समर्थनमा हुने गतिविधिमाथि औपचारिकरूपमा प्रतिबन्ध लगाइएको बताउनुभयो। हमासलाई जर्मनीले 'आतङ्कवादी' सङ्गठन मानेको छ।

उहाँले भन्नुभयो, "इजराइललाई नष्ट गर्ने उद्देश्य राखेको आतङ्कवादी सङ्गठन हमासका गतिविधिमाथि मैले आज पूर्णरूपमा प्रतिबन्ध लगाएको छु।"

जर्मनीको उक्त निर्णयप्रति प्रतिक्रिया दिँदै लेबनानमा हमासका एक अधिकारीले उक्त कदमबाट जर्मनी प्यालेस्टिनी नागरिकविरुद्धको अपराधमा इजराइलसँग साझेदारीमा रहेको थाहा भएको बताएको अल जजिराले उल्लेख गरेको छ। लेबनानमा हमासका प्रतिनिधि ओसामा हमदानले भन्नुभयो, "जर्मन राजनीतिक मानसिकता एउटा नरसंहार मानसिकता हो जसले सबै मानिसलाई प्रभावित गर्दछ र एउटा पार्टी वा अन्य कुनैसम्म सीमित छैन भन्नेबारेमा प्रश्न गर्न यसले हामीलाई ठाउँ दिएको छ।" यसबाहेक मन्त्री फेसरले हमाससहितका समूहरूको 'समर्थन र महिमा गर्ने' समिडोन नेटवर्कको जर्मन शाखामाथि प्रतिबन्ध लगाएर त्यसलाई भङ्ग गर्ने जानकारी दिनुभयो।

## इरानबाट तीन हजारभन्दा बढी अफगान आप्रवासी स्वदेश फर्किए

**एएनआई**

काबुल । तालिबान नेतृत्वको अफगानिस्तानको शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालयले तीन हजारभन्दा धेरै अफगान आप्रवासी इरानबाट स्वदेश फर्किएको बताएको अफगानिस्तानस्थित खामा प्रेसले जनाएको छ । बिहीबार तालिबान नेतृत्वको मन्त्रालयले सामाजिक सञ्जाल एक्समा अफगान मूल्का करिब तीन हजार छ सय ७६ मानिस जबरजस्ती तथा स्वेच्छाले अफगानिस्तान फर्किएको बताएको छ।

तीमध्ये तीन सय तीन परिवारलाई पहिचान सहयोगको आवश्यकता परेको थियो र उनीहरूलाई सहयोगका लागि अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आइओएम) को कार्यालयमा पठाइएको तालिबानले नियुक्त गरेको सीमा क्षेत्र इस्लाम कलाका अधिकारीलाई उद्धृत गर्दै खामा प्रेसले बताएको छ।

बुधबार तालिबान सरकारले नोभेम्बर १ सम्म चार हजारभन्दा धेरै अफगान आप्रवासीलाई पाकिस्तानबाट जबरजस्ती फर्काइएको बताएको थियो।

खामाका अनुसार सरकारहरूले शरणार्थी र आप्रवासी जनसङ्ख्याको व्यवस्थापन जारी राखेका कारण यो स्थितिले ती देशमा अफगान आप्रवासीहरूको आगामी चुनौती र कठिनाइहरूलाई देखाउँछ।

यसैबीच अफगानिस्तानस्थित टोलो न्युजका अनुसार तोर्खम आप्रवी शिविरका चिकित्सकले आफूले पाकिस्तानबाट फर्किएका करिब दुई हजार बिरामी आप्रवासीको उपचार गरेको बताएका छन् । अफगान आप्रवासीहरूलाई राम्रो उपचार गर्न आफूहरू तयार रहेको चिकित्सकहरूले बताएका छन्।

खालिद बिन वालिद कोर स्थित सैन्य अस्पतालका प्रमुख सलाहुद्दीन अयुबीले भन्नुभयो, "यहाँ बालबालिका, महिला र पुरुष बिरामी छन्, उनीहरूमा सर्जिकल बिरामी पनि छन्, अधिकांश बिरामीको यहाँ उपचार हुन सक्तैन, हामी उनीहरूलाई केन्द्रमा पठाउने छौँ, अहिलेसम्म हामीले एक हजार एक सय १२ मानिसको उपचार गरेका छौँ र हामी अहिले पनि आफ्ना देशवासीको सेवा गरिरहेका छौँ।"



सुनसरीको इनरुवा-२ का अभिषेक पण्डित माटाको दियो बनाउँदै । तिहार नजिकिएसँगै कुमालेलाई दियोलगायत माटाको भाँडाकुँडा बनाउन भ्याइनभ्याइ छ। *तस्बिर : रासस*

# धन रोप्नेदेखि काट्नसम्म तराई र भारतका श्रमिकको भर

भरतपुर । यतिबेला चितवन जिल्लाका किसानलाई धान काट्ने र भित्र्याउने चटारो छ । जिल्लाको पश्चिम, पूर्वी र माडी क्षेत्रका किसान धान काट्न र भित्र्याउन व्यस्त छन् । धान स्याहार्न जिल्लामा श्रमिक पाइन छाडेपछि यहाँका किसानलाई धान रोप्नेदेखि काट्नेसम्म मधेस प्रदेश र तराईका श्रमिकको भर पर्नुपरेको छ । यहाँ धान रोप्ने र काट्ने याममा मधेस प्रदेश र भारतका श्रमिक आउने गरेका छन् । उनीहरू सामूहिक रूपमा आएर यहाँ धान काट्ने, झार्ने र घरको भकारीसम्म पुर्‍याइदिने काम गर्छन् ।

जिल्लामा काम गर्ने युवा विदेश पलायन र स्थानीय कामदार महँगा भएका कारण बाहिरी जिल्लाबाट कामदार ल्याउनुपरेको सम्बद्ध किसान बताउँछन् । पश्चिम चितवनको चनौलीका किसान रामकृष्ण अधिकारी प्रत्येक वर्ष तराईबाट आउने श्रमिकलाई काम लगाउने गरेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "यहाँ भएका कामदारले काम गर्दैनन्, उनीहरूलाई ठेक्कामा दिएपछि हाइसञ्चो हुन्छ ।" अधिकारी यस वर्ष पनि आफूले धान रोप्नेदेखि काट्नेसम्म सबै जिम्मा तराईका श्रमिकलाई दिएको बताउनुहुन्छ । "गाउँमा अधिकांश ४०/५० कटेका मान्छेमात्र छन", उहाँ भन्नुहुन्छ, "काम गर्ने युवा कोही अष्ट्रेलिया, अमेरिका त कोही खाडी मुलुकमा गए, गाउँमा काम गर्ने मान्छे भएन ।"

रौतहटका उपेन्द्र पटेल प्रत्येक वर्ष यो याममा धान काट्न चितवन आउनुहुन्छ। उहाँ यसरी नियमित आउन थालेको दस वर्ष भयो । धान काट्नमात्र होइन, धान रोप्न र गोड्नसमेत पटेल चितवन आउने गर्नुभएको हो । "यो वर्ष मात्रै तीनपटक चितवन आएँ", उहाँ भन्नुहुन्छ, "काम सहजै पाइन्छ पैसा पनि राम्रै छ।" रौतहटमा रहँदा उखु छिन्ने र आफ्नो घरायसी काम गर्दै आएको उहाँ बताउनुहुन्छ । यसपटक आठजनाको टोली लिएर आएको भन्दै पटेल ठेक्कामा काम लिने र आएको पैसा बराबर बाँडफाँट गर्ने गरेको जानकारी दिनुहुन्छ।

रौतहटका दिनेश पटेलले पनि भाडामा जग्गा लिएर भरतपुर महानगरपालिका-६ स्थित गीतानगरमा पाँच बिघा क्षेत्रफलमा धान खेती गर्नुभएको छ । धान भित्र्याउन यहाँका कामदार खोज्दा नपाएपछि रौतहत र बारा जिल्लाबाट कामदार ल्याएर उहाँले धान भित्र्याउनुभएको हो । "चितवनमा कामदार नै नपाउने । पाइए पनि दिनको एक हजार रुपैयाँ लिन्छन्", दिनेश भन्नुहुन्छ, "महङ्गा कामदार हालेर खेती गर्नुभन्दा मधेसबाट नै कामदार ल्याएर काम गराइराखेका छौँ ।" चितवनका कामदार लगाएर खेती गर्दा लागत पनि नउठ्ने उहाँ बताउनुहुन्छ । चितवनमा मधेसबाट काम खोज्न आउने कामदारको सङ्ख्या बढी छ।

रौतहटका हरिस यादव प्रत्येक वर्ष यो याममा धान काट्न चितवन आउनुभएको छ । उहाँ नियमित आउन थालेको चार वर्ष भयो । धान काट्न मात्र होइन, धान रोप्न र गोड्नसमेत उहाँ चितवन आउने आउने गर्नुभएको छ। "घरमा आमाबुबा छोराछोरी र श्रीमती छन् । आफ्नो पनि पेट पाल्न पर्‍यो," उहाँ भन्नुहुन्छ, "छठ पर्वको खर्च जुटाउनका लागि प्रत्येक वर्ष चितवन आउँछौँ ।" बारा, पर्सा रौतहटबाट कादार छठ पर्वका लागि पैसा जोहो गर्न चितवनमा काम गर्न आउने गर्दछन् । हेटौँडा, नवलपरासी, काठमाडौँसम्म ज्याला मजदुरीको काम गर्न जाने गरेको यादव बताउनुहुन्छ । धान रोप्ने, काट्ने बेला अन्यन्त्रभन्दा चितवनमा सहज रूपमा काम पाइने गरेको उहाँको अनुभव छ।

बाराबाट १५ जनाको टोलीसहित आएका झापट चौधरीले चितवनमा धान काट्न थालेको एक दशक बढी भयो । परिवार पाल्नका लागि खेतमा आली लगाउनेदेखि काट्नसम्म आउने गरेको उहाँको भनाइ छ। "यहाँ काम जति पनि पाइन्छ, कहिलेकाहीँ त काम धेरै भएका कारण भ्याइँदैन भन्नुपर्ने हुन्छ," मङ्गलपुरमा धान काट्दै गरेका चौधरी भन्नुहुन्छ, "चितवन जिल्लाका मङ्गलपुर, गीतानगर, पदमपुर, रत्ननगर, खैरहनी, राप्ती सबै क्षेत्रमा धान काट्ने गर्दछौँ।"

यस्तै रौतहटका कृष्ण पाण्डे पनि आठ वर्षदेखि नियमितरूपमा चितवनमा धान काट्न आइरहनुभएको छ । उहाँ भन्नुहुन्छ, "यहाँ काम जति पनि पाइन्छ, कहिलेकाहीँ त काम धेरै भएका कारण भ्याइँदैन भन्नुपर्ने हुन्छ।" धेरै काम हुँदा कहिलेकाहीँ रातभर काम गरेरसमेत सक्ने गरेको अनुभव उहाँ सुनाउनुहुन्छ। पाण्डेले एक महिनाको अवधिमा खाने बस्ने खर्चबाहेक रु २५ देखि ३० हजार जम्मा गरेर घर लैजाने गरेको बताउनुहुन्छ।

चितवनको अधिकांश जनशक्ति विदेश छ। एक दशक अघिसम्म अर्मपर्व चल्दथ्यो । अहिले हराउँदै गएकाकारण बाहिरी जिल्लाबाट कामदार ल्याएर काम गराउनु परेको भरतपुर-१५ शरणपुरका शिव उप्रेती बताउनुहुन्छ। "यहाँ भएकाले काम गर्दैनन् । धान लगाएर फाइदा पनि छैन," उहाँ भन्नुहुन्छ, "बाँझो किन राख्ने भनेर खेती गरेका हौं ।" गाउँमा अधिकांश ४० कटेका मानिसहरू मात्र रहेको उप्रेतीको भनाइ छ।




कृषि ज्ञान केन्द्रका सूचना अधिकृत सुरुचि त्रिपाठी जिल्लामा धान काट्नेदेखि थन्काउनेसम्म तराई मूलका श्रमिकमा भर पर्नुपर्ने अवस्था रहेको बताउनुहुन्छ । "युवाहरू रोजगारीका लागि विदेश पलायन हुने क्रम बढ्दो छ। स्थानीय स्तरमा श्रमिक पाइँदैन," उहाँ भन्नुहुन्छ, "सबै कुरामा हामी परनिर्भर हुँदै गएका छौँ ।" धान लगाएर किसानलाई फाइदासमेत नभएको सूचना अधिकृत उप्रेती बताउनुहुन्छ। चितवनमा बिस्तारै कृषिमा यान्त्रिकीकरणतर्फ लैजाने प्रयास गरिएको छ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत केही किसानलाई धान रोप्ने, गोड्ने, काट्ने र थ्रेसर लगाउने मेसिन उपलब्ध गराइए पनि पर्याप्त नभएको उहाँको भनाइ छ। चितवनमा गत आर्थिक वर्ष २२ हजार आठ सय ७० हेक्टरमा धान खेती गरिएको थियो। अहिले समयमा पानी नपरेका कारण दस प्रतिशत जमिनमा मकै, कोदो, तरकारीलगायत बाली लगाइएको सूचना अधिकृत उप्रेती बताउनुहुन्छ । रासस

# माथिल्लो अरुण निर्माण अगाडि बढाउन उच्चस्तरीय प्रतिबद्धता

काठमाण्डु । सङ्खुवासभाको भोटखोला गाउँपालिकामा आयोजनास्थल रहेको माथिल्लो अरुण अर्धजलाशययुक्त जलविद्युत आयोजना निर्माणको प्रक्रिया अगाडि बढ्ने भएको छ। एक हजार ६१ मेगावाट क्षमताको सो आयोजना निर्माण अगाडि बढाउन सरकार र दातृ निकायबीच उच्च तहको प्रतिबद्धता व्यक्त भएको छ।



ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत, अर्थमन्त्री डा प्रकाशशरण महत, सङ्खुवासभाका सङ्घीय सांसद दीपक खड्का, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरे, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र आयोजनामा लगानीका लागि अन्तर्राष्ट्रिय संस्थाको सहवित्तीयकरणको नेतृत्व गरिरहेको विश्व बैंककी प्रबन्ध-निर्देशक आना वियर्डे, एशियाली विकास बैंक (एडिबी)का महानिर्देशक रमेश सब्रमण्यमसहितको टोलीले शुक्रबार आयोजनास्थलको निरीक्षण गरेको हो ।

भोटखोला गाउँपालिका-४ छोग्राङमा आयोजना गरिएको कार्यक्रममा अर्थमन्त्री महतले माथिल्लो अरुण जलविद्युत् आयोजना देखिने गरी कार्यान्वयनको चरणमा पुग्न लागेको बताउनुभयो। स्रोतको सीमितता भए पनि माथिल्लो अरुणलाई कार्यान्वयनको चरणमा लैजान राम्रो बजेट विनियोजन गरिएको उल्लेख गर्दै मन्त्री महतले स्रोतको अभावमा आयोजना अगाडि बढाउन नसक्ने अवस्था आउन नदिने प्रतिबद्धता जनाउनुभयो। लगानीका लागि स्थानीयले चहिए जति शेयर पाउने बताउँदै पूर्वऊर्जा मन्त्रीसमेत रहनुभएका डा महतले देशका लागि अत्यन्त महत्वपूर्ण आयोजना अब लगानी जुटाउने तहमा पुगेको उल्लेख गर्नुभयो । "आयोजनामा लगानीका लागि विश्व बैंकले विशेष चासो देखाएको छ, उसले नै विभिन्न अन्तर्राष्ट्रिय वित्तीय संस्थालाई सहभागी गराएर लगानी जुटाउन खोजिरहेको छ", अर्थमन्त्री डा महतले भन्नुभयो।

विश्व बैंकको वार्षिक बैठक र द्विपक्षीय छलफलका क्रममा आयोजनालाई लगानीयोग्य बनाउन अनुदानसहित सहुलियतपूर्ण ऋणमा जोड दिएको तथा जतिसक्दो छिटो लगानी जुटाएर निर्माण अगाडि बढाउन सकारको सम्पूर्ण सहयोग रहने उहाँको भनाइ छ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री बस्नेतले जलस्रोतलाई समृद्धिको रूपमा उपभोग गर्न अहिले बलियो आधार र समय आएको उल्लेख गर्दै माथिल्लो अरुणजस्ता आयोजना तत्काल अगाडि बढाउन सरकार तत्पर र प्रतिबद्ध रहेको बताउनुभयो। "प्रवेश सडक निर्माणमा रुख कटानको समस्या रहेको जानकारी आएको छ, अदालतको आदेशअनुसार मन्त्रिपरिषद्बाट कार्यविधि बनाएर रुख कटाउनको समस्या छिट्टै समाधान गर्दैछौँ", मन्त्री बस्नेतले भन्नुभयो, "स्थानीयलाई आयोजनाको हिस्सेदार बनाउने मोडालिटीमा तत्काल अगाडि बढाउँछौँ ।"

सांसद दीपक खड्काले आयोजना अगाडि बढाउन सहयोग गर्न स्थानीय बासिन्दा सधैँ तयार रहेकाले ढिला नगरी निर्माण सुरु गर्नुपर्ने बताउनुभयो । विश्व बैंककी प्रबन्ध निर्देशक वियर्डेले नेपाल आएदेखि माथिल्लो अरुणका विषयमा छलफल भइरहेकाले उत्पादित विद्युत् देशभित्र खपत र निर्यातका लागि महत्वपूर्ण रहेको बताउनुभयो । आयोजना अगाडि बढाउन स्थानीयलगायत सबै पक्ष आतुर रहेको आफूले पाएको उल्लेख गर्दै उहाँले सबै पक्षलाई फाइदा हुने गरी आयोजनामा लगानी गर्न बैंक तयार रहेको बताउनुभयो।

निर्माण अवधिको ब्याज, मूल्यवृद्धिसहित एक अर्ब ७५ करोड अमेरिकी डलर (करिब रु दुई खर्ब १४ अर्ब) अनुमानित लागत रहेको माथिल्लो अरुणमा ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपुँजी (इक्विटी)बाट जुटाइने छ।

प्राधिकरणको अगुवाइमा निर्माण हुने आयोजनालाई 'ब्लेन्डेड फाइनान्सिङ' (मिश्रित लगानी)को नमूना परियोजनाको रूपमा अगाडि बढाउने तयारी गरिएको छ। यसका लागि आयोजनामा आयोजनामा सरकार, प्रदेश सरकार, आयोजना प्रभावित जिल्लाका स्थानीय तह, आयोजना प्रभावित जिल्लावासी, देशभरिका सर्वसाधारणको सेयर लगानी, अन्तर्राष्ट्रिय बहुपक्षीय विकास साझेदारको सहुलितपूर्ण ऋण र स्वदेशी बैक तथा वित्तीय संस्थाको ऋण लगानी रहने छ।

विश्व बैंकको नेतृत्वको सहवित्तीयकरणमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट ७५ करोड डलर सहुलितपूर्ण ऋण जुटाइने छ । यसमध्ये विश्व बैंकले ५० करोड डलर सहुलितपूर्ण ऋण प्रवाह गर्ने छ। यस्तै, ४० करोड डलर स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट जुटाएर वित्तीय व्यवस्थापन गरिने योजना बनाइएको छ । यसका लागि हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलप्मेन्ट कम्पनी (एचआइडिसिएल)को नेतृत्वमा स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट सहवित्तीयकरणमार्फत लगानी जुटाउन समझदारीपत्र (एमओयू) भइसकेको छ ।रासस

# दुईवटा विद्युत् वितरण सवस्टेसन उद्घाटन

काठमाण्डु । नेपाल-जर्मन आर्थिक सहयोग कार्यक्रमअन्तर्गत नुवाकोट र रसुवामा निर्माण गरिएका ३३/११ केभी क्षमताका दुईवटा विद्युत् वितरण सवस्टेसनको उद्घाटन गरिएको छ। जर्मन सरकारद्वारा केएफडब्लु विकास बैंकमार्फत प्राप्त अनुदान रकमबाट नुवाकोटको बेलकोटगढी नगरपालिकाको रातामाटे र रसुवाको कालिका गाउँपालिकास्थित कालिकास्थानमा निर्माण गरिएका विद्युत् वितरण सवस्टेसनको उद्घाटन गरिएको हो ।



नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र केएफडब्लुका नेपाल तथा बङ्गलादेश क्षेत्रीय कार्यालयका निर्देशक माइकल समशेर हेलिस्टनले संयुक्तरूपमा रातामाटे सवस्टेसन उद्घाटन गर्नुभयो ।

यसैगरी, प्राधिकरणका कार्यकारी निर्देशक घिसिङ र केएफडब्लुका दक्षिण एशियाका लागि उपनिर्देशक क्रिस्टोफ क्रिगरले संयुक्तरूपमा कालिकास्थान सवस्टेसनको उद्घाटन गर्नुभएको थियो । उक्त सवस्टेसनबाट स्थानीयरूपमा विद्युत् आपूर्ति दिइएको छ। जर्मन सरकारले केएफडब्लु विकास बैंकमार्फत २०७२ सालको विनाशकारी भूकम्पपछि नुवाकोट र रसुवाको विद्युत् वितरण प्रणाली सञ्जाल पुनःनिर्माण, विस्तार तथा सुदृढीकरणका लागि ५० लाख युरो (करिब रु ७० करोड) अनुदान रकम दिएको थियो ।

उक्त अनुदान रकमबाट दुईवटा वितरण सवस्टेसन, ३३ केभी, ११ केभी र एलटी लाइन निर्माण गरिएको छ । यसबाट दुई जिल्लाका एक हजार दुई सयभन्दा बढी घरधुरीले भरपर्दो विद्युत् उपभोग गर्न पाउने छन् । उद्घाटनमा कार्यकारी निर्देशक घिसिङले नेपालको जलविद्युत्, प्रसारण र वितरणतर्फका आयोजना निर्माणमा केएफडब्लको ठूलो सहयोग रहेको उल्लेख गर्दै सवस्टेसन निर्माणबाट त्यस क्षेत्रका उपभोक्ताले भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्ति पाइरहेको बताउनुभयो । उहाँले विद्युत् आपूर्ति सुधार भएपछि यस क्षेत्रमा घरेलु उद्योग खोल्न प्रोत्साहन मिल्ने बताउनुभयो।

केएफडब्लुका हेलिस्टर्न र क्रिगरले नेपाल र जर्मनीबीचको सम्बन्ध ६० वर्षभन्दा बढी पुरानो रहेको ऊर्जा क्षेत्रमा ४० वर्षदेखि सहयोग गर्दै आएको उल्लेख गर्दै अब विद्युत् प्रसारण र वितरणतर्फ सहयोग गर्ने बताउनुभयो। रासस

# भाषा आयोगमा कार्यक्रमतर्फ शून्य बजेट, पदाधिकारी/कर्मचारी कामविहीन

काठमाण्डु । भाषा आयोगका लागि चालु आर्थिक वर्षमा कार्यक्रमतर्फ कुनै बजेट विनियोजन नभएपछि लोपोन्मुख भाषाको अध्ययन, अभिलेख, संरक्षणलगायत कार्य प्रभावित भएका छन् । कार्यक्रमतर्फ बजेट नहुँदा आयोगका आठ पदाधिकारी र ४९ कर्मचारी कामविहीन जस्तै भएका छन् । नेपालको संविधान जारीपछि स्थापित आयोगमा सदस्य नियुक्त नहुँदा सुरुका चार वर्ष अध्यक्ष डा लवप्रसाद अवस्थीको एकल नेतृत्वमा क्षेत्रगत काममा आधारभूमि तयार भएको थियो भने हाल अध्यक्ष अध्यक्ष डा गोपाल ठाकुर र सात सदस्य पूर्ण भएपछि कार्यक्रम र बजेट शून्य हुनु विडम्बनापूर्ण भएको आयोगका पदाधिकारीको गुनासो छ।

आर्थिक मन्दीका कारण हरेक निकाय र क्षेत्रमा नेपाल सरकारको बजेट कटौती भए पनि केही न केही कार्यक्रम र बजेट विनियोजन हुने गरेकामा यस आयोगलाई कार्यक्रमतर्फ शून्य बजेट हुनु आफूहरूका लागि आश्चर्यको विषय बनेको अध्यक्ष डा ठाकुरले बताउनुभयो ।

आयोगले बजेट नहुँदा शब्द सङ्कलन, शब्दकोष निर्माण र व्याकरण लेखन कार्यसमेत प्रभावकारीरूपमा सञ्चालन गर्न नसकिएको आफ्नो सातौं वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ। यस्तै साधनस्रोतको अभावमा भाषिक सर्वेक्षण, मातृभाषाको प्रयोगको सम्भव्यता अध्ययन, विद्यालयमा भाषिक नक्साङ्कन, लोकवार्ता सङ्कलन, समाज भाषावैज्ञानिक सर्वेक्षण, नेपाली भाषाको अध्ययन, शास्त्रीय भाषाको अध्ययन, नेपालमा प्रचलित लिपिहरूको अध्ययन, साङ्केतिक भाषासम्बन्धी कार्यक्रम, भाषासम्बन्धी प्रचार मुखी श्रव्यदृश्य सामग्री, भाषिक इतिहास लेखन, भाषिक पाठ सङ्कलन, भातृभाषाका शिक्षका लागि पाठ्यसामग्री निर्माण, विगतका अध्ययनहरूको प्रकाशन र प्रबोधीकरणका काम हुन सकेका छैनन्।

> ***आयोगको पाँचवर्षे रणनीतिक मार्गचित्रमा परेको आदिवासी भाषाहरूको अन्तर्राष्ट्रिय दशक कार्यान्वयनसम्बन्धी कार्यक्रम र प्रदेशहरूमा सरकारी कामकाजको भाषाको प्रयोगमा सहजीकरण गर्न पनि कठिनाइ भएको छ । "चालु आर्थिक वर्षमा आयोगलाई कार्यक्रमका लागि कुनै बजेट विनियोजना छैन । हालसम्म आएको छैन । सम्पर्क मन्त्रालय संस्कृति, पर्यटन तथा नागरिक मन्त्रालयमा पटक-पटक भनेका छौँ ।***

आयोगको पाँचवर्षे रणनीतिक मार्गचित्रमा परेको आदिवासी भाषाहरूको अन्तर्राष्ट्रिय दशक कार्यान्वयनसम्बन्धी कार्यक्रम र प्रदेशहरूमा सरकारी कामकाजको भाषाको प्रयोगमा सहजीकरण गर्न पनि कठिनाइ भएको छ । "चालु आर्थिक वर्षमा आयोगलाई कार्यक्रमका लागि कुनै बजेट विनियोजना छैन । हालसम्म आएको छैन । सम्पर्क मन्त्रालय संस्कृति, पर्यटन तथा नागरिक मन्त्रालयमा पटक-पटक भनेका छौँ । कतैबाट केही मिल्छ कि भन्ने आशा राखेका छौँ । मन मारिसकेका छैनौँ", अध्यक्ष डा ठाकुरले रासससँग भन्नुभयो, "आयोगको यस दुरावस्थाबारे राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', विभागीय मन्त्री सुदन किराँतीलगायतलाई पनि आग्रह गरिएको छ। प्रधानमन्त्री दाहालले केही गरौँला भन्नुभएको छ।"

उहाँले प्रदेशमा आयोगको पनि शाखा खोल्ने र त्यसका लागि प्रदेश सरकारसँग समन्वय गरी कोसिस गरिएको र मातृभाषा शिक्षाको कार्यान्वयनका लागि स्थानीय तहमार्फत सकारात्मक काम भएको जनाउँदै सरकारदेखि सरकारसम्म हातेमालो गर्न आफूहरू प्रयत्नशील रहेको बताउनुभयो ।

आयोगले गत असोज १४ गते राष्ट्रपति पौडेलसमक्ष सातौं वार्षिक प्रतिवेदन बुझाएको थियो । आयोगमा आर्थिक वर्ष २०७९/८० का लागि पूँजीगत खर्च रु लाख ८० हजार रहेकामा रु ९४ लाख ४१ हजार दुई सय ९० (९५ दशमलव २७ प्रतिशत) खर्च भएको छ । उक्त आर्थिक वर्षमा चालु वर्ष रु पाँच करोड २२ लाख १६ हजार विनियोजित भएकामा चार करोड ७९ लाख ४० हजार तीन सय २२ (९१ दशमलव ८१ प्रतिशत) खर्च भएको छ।

आयोगका प्रवक्ता कमला भण्डारी पाण्डेले कार्यक्रमका लागि बजेट शून्य भएकाले प्रशासनिक खर्च र तलब भत्तामा मात्र खर्च हुने गरेको र वार्षिक प्रतिवेदन बुझाई सकिएपछि आफूहरूलाई खास काम नभएको बताउनुभयो। उहाँले यस आर्थिक वर्षका लागि पूँजीगत (कार्यक्रम) तर्फ न्यूनतम् रु तीन करोड बजेट मागिए पनि शून्य बजेट परेको गुनासो गर्नुभयो। बजेट ल्याउने विषयमा पदाधिकारीहरूले माथिल्लो तहबाट पहल भइरहेको उल्लेख गर्दै उहाँले आफूहरू विना बजेटमा नयाँ काम गर्न नसक्ने भएकाले दैनिक कार्यालय आउने, हाजिर गर्ने र बस्ने गरेको स्वीकार्नुभयो। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको योजना महाशाखाका उपसचिव कृष्णकुमारी श्रेष्ठले उक्त आयोगका लागि प्राप्त बजेट सीमाबमोजिम बजेट प्रविष्ट गरी अर्थ मन्त्रालयमा पठाइए पनि अनिवार्य दायित्व धेरै भएकाले कार्यक्रमतर्फ बजेट उपलब्ध नभएको स्पष्ट गर्नुभयो ।रासस

# जाउँ है पोखरा अभियान

**टुडे समाचारदाता**

जनकपुरधाम । 'जाउँ है पोखरा' अभियानलाई यस वर्ष पनि निरन्तरता दिइने भएको छ । पोखरा होटल संघद्वारा शुक्रबार जनकपुरधाममा आयोजित अन्तरक्रिया कार्यक्रममा आन्तरिक पर्यटन विकासका लागि व्यावसायिक सहकार्य र पर्यटन प्रवर्द्धनको उद्देश्यसहित सुरु गरिएको 'जाउँ है पोखरा' अभियानलाई यस वर्ष पनि निरन्तरता दिइने जानकारी गराइएको छ ।




कार्यक्रममा पोखरा होटल सङ्घका अध्यक्ष लक्ष्मण सुवेदीले विगत दुई दशकदेखि सुरु गरिएको अभियानलाई यस वर्ष पनि निरन्तरता दिइएको बताउँदै पोखरा महानगरपालिकाको प्रवर्द्धनमा बिहीबारदेखि सुरु भएको प्रचारप्रसार अभियान जनकपुर, विराटनगर, बिर्तामोड, धनकुटा र चितवन पुगेर यही २० गते सम्पन्न हुने जानकारी दिए ।

यस क्षेत्रका पर्यटकलाई पोखरा पठाउने र पोखराबाट पर्यटकलाई पूर्व अर्थात् देशका अन्य भूभागमा पठाउन अनुरोध गर्ने उद्देश्यले अभियान सुरु गरेका उनले बताए । यसमा पर्यटन व्यवसायीलगायत सम्बद्ध सबैको साथ र सहयोग रहने अपेक्षा छ गरेको बताउँदै अध्यक्ष सुवेदीले पर्यटनका लागि पहुँच (कनेक्टिभिटी) महत्वपूर्ण हुने भएकाले पूर्वी नेपालका विभिन्न सहरबाट पोखरासम्म सीधा हवाई उडान तथा स्तरीय बस सेवा सञ्चालनका लागि पनि सबैको पहल र सक्रियताका लागि अपिल गरे ।

कार्यक्रममा मधेश प्रदेश होटल संघका अध्यक्ष विजय झुनझुनवालाले कोभिड-१९ देखि थला परेको पर्यटनलाई पुनरुत्थान गर्न यस अभियानले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे । उनले धार्मिक र पर्यटकीय हिसाबले एक ऐतिहासिक स्थल जनकपुरको महिमा देशका अन्य क्षेत्रमा पनि पुऱ्याउनका लागि पर्यटकलाई यहाँ पठाउन पहल गर्न सरोकारवालालाई आग्रह गरे ।

कार्यक्रममा मधेस प्रदेशको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको निमित्त सचिव जयकुमार राउतले आन्तरिक पर्यटकका साथै काठमाण्डु र पोखरा घुम्न आउने अन्तर्राष्ट्रिय पर्यटकलाई मधेश प्रदेशका ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्वका स्थलको भ्रमणका लागि पठाउन जरुरी रहेको र यस कार्यमा सहकार्य गर्न आफूहरू तयार रहेको बताए ।

पोखरा होटल संघले आन्तरिक पर्यटन प्रवर्द्धनका लागि फेवा नव वर्ष महोत्सव, भाइटीका महोत्सव, खाना महोत्सव गर्दै आएको र आगामी मङ्सिर ९ गते अन्तर्राष्ट्रिय पोखरा क्रसकन्ट्री रेस तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि भारतीय सहरमा 'चलिए पोखरा अभियान' र अन्तर्राष्ट्रिय बजारमा हुने विभिन्न ट्राभल मार्टमासमेत सहभागिता जनाउँदै आएको जानकारी दिएको छ ।

# जोखिममा युवापुस्ता

ब्लग :



श्यामसुन्दर शशि

कार्तिक ९ गते विहान ७ वजे जनकपुरधाम वडा नम्बर-२३ बिसपिट्टीस्थित राधाकृष्ण मन्दिरदेखि बेला रोडतर्फ जाने सडक छेउको फेकन मुखियाको धान खेतमा २४ वर्षीय युवाको शव फेला पऱ्यो । सुरुमा शवको पहिचान हुनसकेन तर प्रहरीले अनुसन्धान गर्दै जाँदा मृतक जनकपुरधाम उपमहानगरपालिका-२४ सोनापारा वस्ने फुलगेन चमारको छोरा रुपेश चमार रहेको खुल्यो ।

हत्या हिंसाको अटुट श्रृंखला रहेको मधेश प्रदेशमा एक युवकको शव फेला पर्नु सामान्य होला तर रुपेशको हत्याको कारण भने मुटु हल्लाउने खालको छ । नागरिक समाजको लागि चिन्ताको विषय छ । तीनै तहका सरकारको लागि लज्जाको विषय छ । अनि प्रहरी प्रशासनको लागि चुनौतीको । एक दिन अघि मात्र दीवाली र छठ मान्न भारतबाट फर्केका रुपेशको हत्या उनका आफ्नै साथीले गरेका थिए । संगै मादक पदार्थ सेवन गरेका तीनजनामध्ये दुई जनाले मोवाईलमा गीत सुन्ने विवादको कारण आफ्नै एकजना मिल्ने साथीलाई हत्या गर्नु पक्कै पनि सामाजिक चिन्ता र चासोको विषय हो । प्रहरी उपरीक्षक विश्वराज खडकाले लागूपदार्थ सेवनपछि मोबाइलमा गीत सुन्ने विषयमा भएको सामान्य विवादमा जनकपुरधाम-२४ सोनापाडाका २० वर्षीय पवन सहनी र हरिचन मण्डलले रुपेशको हत्या गरेको खुलासा गर्नुभयो ।

एसपी खडका सञ्चारकर्मीहरुमाझ उक्त समाचार सार्वजनिक गरी रहँदा आफै पनि भावुक बनेका थिए । सञ्चारकर्मीहरुको जिज्ञासामा उनले भनेका थिए - यस्ता घटनाहरु न्यूनीकरण गर्न सामाजिक जागरणको आवश्यकता छ । यस अघि पनि यस्तै प्रवृत्तिको हत्या प्रकरण सार्वजनिक भएको थियो । संगै मादक पदार्थ सेवन गरेका साथीहरुमा पहिले चुरोटको दम कस्ले लगाउने ? भन्ने विषयमा विवाद भएको थियो । यस विवादमा पनि एक जना युवकको हत्या भएको थियो ।

कार्तिक ९ गते महोत्तरीको पिपरा गाउँपालिका ५ का जगदीश साहको खेतमा १९ वर्षीय वसन्त पासवानको शव फेला परेको थियो । वसन्तको हत्याको कारण थियो- उनले घाँटीमा लगाएको नक्कली सुनको सिक्री । १०० रुपियाँ मूल्य पर्ने नक्कली सुनको सिक्री लुट्न विहार, मधुवनी जयनगर बस्ने १९ वर्षीय दीपक मलिक र साहरघाट बस्ने १८ वर्षीय अमित मलिकले वसन्तको हत्या गरेको प्रहरी अनुसन्धानमा खुलेको छ । वसन्तकै छिमेकमा मावली घर आएका दीपक र अमित गाउँमा लागेको दुर्गा मेला हेर्न सँगै निस्केका थिए । अर्थात् उनीहरु साथी थिए ।

सीमावर्ती भारतीय बजार पुगेर संगै नाइट्राभेट ट्याब्लेट, फेन्सीड्रूल जस्ता लागूऔषधि सेवन गर्ने, लुकाई छिपाई नेपाल पनि ल्याउने, संगै सिगरेट, गाँजा, रक्सी सेवन गर्ने अनि सामान्य विवाद हुँदा आफ्नै साथीलाई हत्या गर्ने अपराध अचेल ह्वात्तै बढेको छ । आर्थिक वर्ष २०८०/०८१ को तीन महिनामा मधेशका ८ जिल्लामा ३८ जनाको हत्या भएको प्रहरीको तथ्यांकमा उल्लेख छ । ती हत्यामध्ये मादक पदार्थ सेवन गरेर हत्या गरेको घटनाहरु धेरै छन् ।



सीमावर्ती बिहार प्रदेशमा रक्सी निषेधित छ । नेपालमा नाइट्रोभेट टेबलेट र फेन्सीड्रील जस्ता औषधि चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइन्छ तर बिहारमा रक्सी प्रतिबन्ध छ । नेपालमा नाइट्रोभेट र फेन्सिड्रिल सेवनगर्नेहरुको संख्यानिरन्तर बढदै छ । मादकपदार्थ ओसार पसारको लागि सीमावर्ती क्षेत्रमा वार्टर सिस्टम लागू भए जस्तो छ । नेपालमा तीन तहको सरकार छ । तीनै तहको सरकार सडक, बिजुली, खानेपानी, मठ मन्दिर, मदरसा, पोखरी निर्माण, मर्मत तथा सौन्दर्यकरण जस्ता परियोजनालाई प्राथमिकतामा राखेको छ । यस चिल्ला सडकमा हिंड्ने युवा पुस्ताबारे कसैको चिन्ता छैन । युवाहरु किन र कसरी दुर्व्यसनमा लाग्दै छन् ? यसलाई न्यूनीकरण गर्न के गर्न सकिन्छ ? तीनै तहका सरकारको चासो छैन ।

लागू पदार्थका दुर्व्यसनीहरु दैनिक जसो सीमावर्ती भारतीय बजारसम्म जाने गर्छन् । सीमा नाकामा जनपथ र सशस्त्र प्रहरीको क्याम्प छ । भारतीय सीमासंग जोडिएका नेपाली गाउँहरुमा स्थानीय सरकारको हालीमुहाली छ । नियमित सीमा पारी गएर मादक पदार्थ सेवन गरी फर्किनेहरुलाई प्रहरीले सहजै पहिचान गर्नसक्छन् । सक्दैनन भन्ने उनीहरुको तालिममा दोष मान्नु पर्दछ वा उनीहरुको मिलेमतो रहेको भन्न सकिन्छ । स्थानीय जनप्रतिनिधिहरु सीमापारीका जनप्रतिनिधि वा प्रशासनसंग सहकार्य गरेर लागू पदार्थको बिक्री वितरणमाथि प्रतिबन्ध लगाउन सक्छन् । प्रहरी प्रशासनका उपल्ला अधिकारीहरु काउण्टर पार्टका अधिकारीहरुसंग सहकार्य गरेर पनि सीमावर्ती क्षेत्रमा लागू पदार्थको बिक्री वितरणमाथि रोक लगाउन सक्छन् ।

अधिकारको लागि संघीय सरकारलाई गाली गर्न नथाक्ने मधेश प्रदेश सरकार बढ्दो दुर्व्यसनबारे संघीय सरकारसंग किन जिज्ञासा राख्न सकेका छैनन् ? संघीय सरकारले यस विकराल समस्याबारे भारत सरकारसंग किन बोल्न सकेका छैनन् ? यस समस्याको समाधान गर्न जनचेतनासँगै सीमावर्ती सरकारसंग सहकार्य गर्नु आवश्यक छ ।

# लोसपा धनुषा जिल्ला अध्यक्षको जिम्मेवारी झालाई

**टुडे समाचारदाता**

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी नेपाल धनुषा जिल्ला अध्यक्षको जिम्मेवारी जिवेन्द्र झालाई दिइएको छ । पार्टीले शुक्रबार उनलाई जिल्ला अध्यक्षमा मनोनित गरेको छ ।






पार्टीका केन्द्रीय अध्यक्ष महन्थ ठाकुरले झालाई पार्टीको अन्तरिम विधानको दफा १६ को उपदफा १ (ञ) अनुसार जिल्ला अध्यक्षमा मनोनित गरेका छन् ।

# ट्र्याक्टर पल्टिदा चालकको मृत्यु

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीमा ट्र्याक्टर पल्टिदा चालकको ज्यान गएको छ । ज्यान जानेमा ट्र्याक्टर चालक महोत्तरीकै पिपरा गाउँपालिका ६ का ३६ वर्षीय रामगुलाम यादव रहेको महोत्तरीका प्रहरी प्रवक्ता डिएसपी दिलीप कुमार गिरीले जानकारी दिए ।

उनका अनुसार प्रदेश २-०२-००१ त १९६९ नम्बरको ट्र्याक्टर शुक्रबार दिउँसो महोत्तरीको लोहरपट्टी नगरपालिका ८ भ्रमरपुराको बिगही नदीको किनारमा पल्टिदा उनको घटनास्थलमै मृत्यु भएको छ ।

ट्र्याक्टर अनियन्त्रित भएर दुर्घटना भएको हुनसक्ने प्रहरीको अनुमान छ । मृतकको शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल जलेश्वरमा राखिएको र घटना विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

# हत्या भएको महिलाको पहिचान खुलेन्

**टुडे समाचारदाता**

बारा । जीतपुरसिमरा उपमहानगरपालिका-६ को घुसकपुरमा हत्या गरिएर फालेको महिलाको शवको पहिचान अहिलेसम्म खुल्न सकेको छैन् ।



खर, घाँस झाडीमा बेवारिसे अवस्थामा बिहीबार महिलाको शव फेला परेको थियो । अन्दाजी ३०/३५ वर्षकी ती महिलाको साथमा परिचय खुल्ने कुनै प्रमाण नभएकाले शवको पहिचान गर्न नसकिएको ईलाका प्रहरी कार्यालय सिमराका प्रमुख प्रदीप बहादुर क्षेत्रीले बताए । महिलाकी दाहिने हातको नाडीमा अंग्रेजीमा युएनयुएम लेखिएको ट्याटु रहेको र दाहिने खुट्टाको गोलिगठाको भागमा कालो धागो बाधिएको छ । महिलालाई चिन्ने हुनेले ईलाका प्रहरी कार्यालय सिमरामा खबर गर्न अनुरोध गरिएको छ ।

शव फेला परेको स्थानमा प्रहरीले तालिम प्राप्त कुकुर परिचालन गरी अनुसन्धान गरेको थियो । तराई मुलको जस्तो देखिने शवको अनुहारमा समेत किरा लागिसकेकोले महिलाको पहिचान गर्न कठिनाइ भइरहेको ईलाका प्रहरी कार्यालय सिमराका प्रमुख क्षेत्रीले बताए । महिलाको मुखमा समेत दुपट्टाको टुक्राहरू भेटिएको कारण मुख थुनेर सोही दुपट्टाले घाँटी थिची हत्या गरिएको हुनसक्ने अनुमान गरिएको छ ।

# नवौं राष्ट्रिय स्क्रयाबल प्रतियोगिताको उद्घाटन

**टुडे समाचारदाता**

बारा । बाराको सिमरामा नवौं राष्ट्रिय स्क्रयाबल प्रतियोगिताको शुक्रबार उद्घाटन गरिएको छ ।




स्क्रयाबल क्लबको आयोजनामा सुरु भएको प्रतियोगिताको उद्घाटन जीतपुर सिमरा उपमहानगरपालिकाका उपप्रमुख भोलाप्रसाद अधिकारीले गरेका थिए ।

लोटस एकेडेमीका संस्थापक प्रधानाध्यापक रामप्रसाद अधिकारीको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा स्क्रयाबल क्लबका केन्द्रीय अध्यक्ष केशवप्रसाद पराजुली, जीतपुर सिमरा उपमहानगरपालिका वडा नं १४ का वडाध्यक्ष चयन गुरुंग, वडा नं १६ का वडाध्यक्ष हरिदेव खरेल, निजी तथा सामुदायिक विद्यालयका प्रधानाध्यापक, स्क्रयाबल क्लबका जिल्ला संयोजकहरु, विभिन्न जिल्लाका शिक्षक तथा विद्यार्थीको सहभागिता रहेको थियो ।

जीतपुरसिमरा उपमहानगरपालिका तथा बारा सिमराका नौवटा संस्थागत विद्यालयको सहकार्यमा लोटस एकेडेमी सिमराले राष्ट्रिय प्रतियोगिता आयोजना गरेको छ । प्रतियोगिता शनिबार हुने प्रतियोगिताको संयोजक विद्यालय लोटस एकेड्मीले जनाएको छ ।

प्रतियोगितामा देशभरिका २२ वटा जिल्लाबाट छानिएका १ सय ४० जनाको सहभागिता रहेको छ । प्रतियोगितामा एउटा विद्यालयबाट २ जनाको दरले सहभागिता रहने स्क्रयाबल क्लब अध्यक्ष केशव प्रसाद पराजुलीले जानकारी दिए ।

राष्ट्रिय प्रतियोगिताबाट २० जना प्रतियोगी काठमाण्डुमा हुने अन्तराष्ट्रिय स्क्रयाबल प्रतियोगिताको लागि छनोट हुनेछन् । यही माघ ५ र ६ गते नेपालमै पहिलो पटक काठमाण्डु जिल्लाको चन्द्रगिरी नगरपालिकाको नैकाप स्थित ब्राईट फ्युचार स्कुलमा अन्तराष्ट्रिय प्रतियोगिता हुने स्क्रयाबल क्लबका अध्यक्ष पराजुलीले जानकारी दिए ।

सन् १९३८ देखि अमेरिकाबाट सुरु भएको यस खेलमा २ देखि ४ जनासम्मले खेल्न सकिन्छ । १५/१५ साइजको बोर्डमा ए देखि जेड सम्मका एकसय वटा फण्ट टायलको प्रयोगबाट स्क्रयाबल खेल्ने गरिन्छ । स्क्रयाबल खेलले प्रतिस्पर्धीबीच भाषा विकास, सञ्चारको सीप, सहकार्य, नयाँ शब्द सिर्जना गर्न र अंग्रेजी भाषाको विभिन्न क्रियाकलापमा सहयोग पुऱ्याउने जनाइएको छ ।

# १३९ बोरा गहुँको बीउ पक्राउ



**टुडे समाचारदाता**

रौतहट । प्रहरीले १३९ बोरा गहुँको बीउसहित पिकअप गाडी नियन्त्रणमा लिएको छ ।

भन्सार छली गरी पिकअपमा लोड गरी गहुँको बीउ ल्याउँदै गरेको अवस्थामा प्रहरीको टोलीले उक्त परिमाण बराबरको गहुँको बीउ नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक दामोदर केसीले जानकारी दिए । नियन्त्रणमा लिइएको १३९ बोरा गहुँको बीउ प्रति बोरा २० किलोको दरले २ हजार ७ सय ८० किलो तथा प्रदेश २-०३-००१ च.२१३८ नम्बरको पिकअपसहित २४ लाख १७ हजार मूल्याङ्कन गरी पक्राउ परेका चालक गौर नगर पालिका वडा नम्बर ७ का ४४ वर्षीय वीरेन्द्र यादवलाई कारबाहीको लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको प्रहरीले जनाएको छ ।

# संतोषी माता पूजनोत्सव मेला

**टुडे समाचारदाता**

महोत्तरी । मटिहानी नगरपालिका वडा नम्बर ९ सिमरदहीमा शुक्रबारदेखि संतोषी माताको पूजनोत्सव मेला सुरु भएको छ ।

यस क्रममा मानव कल्याण एवं विश्व शान्तिको कामना गर्दै शुक्रबार शान्ति कलश शोभा यात्रासमेत निकालिएको छ । सिमरदही ठारी टोलबाट निस्केको उक्त कलश शोभा यात्रा गाउँको विभिन्न भागको परिक्रमा गरेको थियो ।

पूजाको शुभारम्भ मटिहानी नगरपालिकाका नगर प्रमुख श्री हरि प्रसाद मंडलले गरेका थिए । कार्यक्रममा मटिहानी नगरपालिकाका नगर उप-प्रमुख मंजु देवी साह, वड़ा नं ९ का वडा अध्यक्ष मदन चौधरी, समाजसेवी मोसाफिर सहनी, जोगिन्द्र साह सकलदेव पासमान, पूजा समितिका अध्यक्ष शिवजी खतवे लगायत स्थानीयहरुको सहभागिता रहेको थियो ।

# विभिन पार्टी परित्याग गरी जसपामा प्रवेश

**टुडे समाचारदाता**

पर्सा । विभिन्न पार्टी परित्याग गरी सयौं नेता तथा कार्यकर्ता जनता समाजवादी पार्टी (जसपा) नेपालमा प्रवेश गरेका छन् ।



जसपा नेपाल कालिकामाई गाउँपालिका कमिटिले वडा नं २ भेडियारीमा शुक्रबार आयोजना गरेको पार्टी प्रवेश कार्यक्रममा कांग्रेस, नेकपा एस, लोसपालगायतका नेता कार्यकर्ताहरुले पार्टी परित्याग गरी जसपा नेपालमा प्रवेश गरेका छन् । जसपाले आयोजना गरेको पार्टी प्रवेश कार्यक्रममा संजय साह कानु, मोतिलाल साह, तबरेज खाँ, लाल महम्मद, सुबास साह कानु, अबास मिया, मनइ पासवान, प्रदीप पसवान, सीता देवी, हिरामती देवी, मुनि देवी, माया देवी, रमिता देवी, सुनील साह तेली, सुनिल साह कानु, हरिकिशोर पासवान, लालमहम्मद राउतसहित सयौं जनाले जसपा प्रवेश गरेका छन् ।

जसपा गाउँ इकाई अध्यक्ष तैयब खाँको अध्यक्षतामा भएको कार्यक्रममा मधेस प्रदेश सरकारका उर्जा, सिंचाइ तथा खानेपानी मन्त्री सिंहासन साह कलवारले नवप्रवेशीहरुलाई अबीर टीका लगाएर पार्टीमा स्वागत गरेका थिए ।

कार्यक्रममा जसपाका केन्द्रीय सदस्य फिरोज मन्सुर, जिल्ला अध्यक्ष रामनरेश प्रसाद यादव, जिल्ला सचिव तबरेज अहमद, जिल्ला कार्यकारिणी समिति सदस्य इन्द्रासन साह कलवार, श्यामबाबु चौरसिया, कालिकामाइ गाउँपालिकाका जसपा अध्यक्ष दिनेश साह कलवार, कालिकामाइ गाउँपालिकाका अध्यक्ष बशिष्ट कुमार गुप्ता, वडाध्यक्षाहरु लालबाबु चौरसिया, जयनारायण कुर्मी, संजय पटेल, मन्त्रीका स्वकीय सचिव सचिन सिंह, गाउँपालिका सल्लाहकार आरमान खाँलगायतको सहभागिता रहेको थियो ।

# बाख्राको मासु बेच्ने पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा खसीको मासु भनेर बाख्राको मासु बेच्ने एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा धनुषाको क्षीरेश्वरनाथ नगरपालिका वडा नं.४ महेन्द्रनगरका गुल्जार महम्मद रहेका छन् ।

इलाका प्रहरी कार्यालय धनुषाबाट खटेको गस्ती टोलीले महम्मदले महेन्द्रनगरमा सञ्चालन गर्दै आएका साहिल फ्रेस हाउस मासु पसलको अगाडि खसीको मासुको सानो टुक्रासँगै छाला बिनाको बाख्राको मासु बिक्रि गरिरहेको अवस्थामा फेला परेपछि उनलाई नियन्त्रणमा लिइएको छ ।

सो मासु पसलबाट आठ किलो बाख्राको मासु बरामद भएको जिल्ला प्रहरी कार्यालय, धनुषाका प्रवक्ता एवम प्रहरी नायव उपरीक्षक रञ्जन अवाले जानकारी दिएका छन् । पक्राउ परेका मासु पसल सञ्चालक महम्मदलाई इलाका प्रहरी कार्यालय महेन्द्रनगर धनुषामा राखी थप अनुसन्धान भइरहेको जनाइएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८